मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक ३२६ • २०८२ साल कार्तिक १९ गते बुधबार • Wednesday 05, November 2025 • सूर्योदय: बिहान ०६:१७ बजे • सूर्यास्त: साँझ ५:२० बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## कटहरियाका मेयरको फोन स्वीच अफ, ह्वाट्स एपमा बोल्दैनन्

**मधेशदृष्टि रौतहट ।**
३ वर्षदेखि तलबभत्ताm नपाएका कटहरियाका करार तथा दैनिक ज्यालादारीका कर्मचारीले पालिका र सबै वडामा तालाबन्दी गर्दा युवा मेयर जय प्रकाश जैसवाल सम्पर्कविहीन भएको कर्मचारीको आरोप छ ।
नेपाली कांग्रेसबाट निर्वाचित युवा मेयर जैसवालबाट विकास निर्माणमा उल्लेख्य काम हुने अपेक्षा गरेका जनताको भरोसा टुट्दै

बाँकी पृष्ठ २ मा

# स्वास्थ्यकर्मी सडकबाट हटाउन चार राउन्ड अश्रुसेल प्रहार



**मधेशदृष्टि जनकपुरधाम ।**
निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुले अस्पताल बन्द गरेर जनकपुरधामको पिडारी चोकमा यातायात ठप्प पार्दै धर्ना बसेपछि प्रहरी र स्वास्थ्यकर्मीबीच मंगलबार साँझ झडप भएको छ ।
साँझ बाटो खुलाउने क्रममा प्रहरीले बल प्रयोग गरेको हो । उनीहरु बिहानैदेखि धर्नामा बसेपछि त्यस क्षेत्र भएर आवतजावत गर्ने सवारी साधन ठप्प बनेको थियो ।
प्रहरीले अन्यत्र भएर सवारी साधन पठाएका थिए भने साँझ पनि बाटो नखुलेपछि प्रहरीले बल प्रयोग गरेको हो । स्वास्थ्यकर्मीको समूहलाई बाटोबाट हटाउन थालिएपछि उनीहरुले ढुंगामुढा गर्दा प्रहरीले चार राउन्ड अश्रुग्यास प्रहार गर्नु परेको थियो ।



निजी अस्पतालमा श्रमशोषण भइरहेको भन्दै स्वास्थ्यकर्मीले बाटो अवरुद्ध पार्दै धर्ना बसेका थिए ।
स्वास्थ्यकर्मीले नेपाल सरकारको ऐनअनुसार तलब स्केल लागू गरिनुपर्ने, सरकारी स्वास्थ्य संस्थाका करारकर्मीलाई हटाई लोकसेवा आयोगमार्फत विज्ञापन गरिनुपर्ने, स्वास्थ्यकर्मीको बीमा र सुरक्षाको व्यवस्था गरिनुपर्ने, हप्तामा अधिकतम ४२ घण्टा मात्र कामको सीमा तोकिनुपर्ने सहितको माग गरेका थिए ।
स्वास्थ्यकर्मी नवेश अधिकारीले मन्त्रालयबाट पटकपटक सूचना जारी भए पनि निजी अस्पतालले त्यसलाई कार्यान्वयनमा नल्याएको बताए । यसले स्वास्थ्यकर्मीहरूको मनोबलमा गम्भीर असर परेको र बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको उनले प्रष्ट पारे ।
आन्दोलनरत स्वास्थ्यकर्मीले यस विषयमा जिल्ला प्रशासन कार्यालय, श्रम मन्त्रालय, मुख्यमन्त्री कार्यालय र स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराए पनि हालसम्म कुनै ठोस पहल नभएको बताए ।
उनीहरूले आन्दोलनका कारण बिरामीको सेवामा कुनै समस्या आए त्यसको सम्पूर्ण जिम्मेवारी अस्पताल सञ्चालक र सम्बन्धित मन्त्रालयले लिनुपर्ने बताए ।

# प्रशासन र व्यवसायीबीच चार बुँदे सहमति




**मधेशदृष्टि जनकपुरधाम ।**
जनकपुरधाममा आन्दोलनरत व्यवसायी र स्थानीय प्रशासनबीच चारबुँदे सहमति भएको छ । प्रहरीले धनतेरशको पूर्व सन्ध्यामा अबैध रुपले सुनचाँदी पसलमा छापा मारेको भन्दै छापा मार्ने प्रहरीलाई कारबाही नगरिएको भन्दै आन्दोलन थालेकामा जनकपुरधाम उद्योग वाणिज्य संघ र जिल्ला प्रशासन कार्यालय धनुषाबीच मंगलबार साँझ चार बुँदे सहमति भएको हो ।
दुवै पक्षबीच भएको सहमतिअनुसार त्यसदिनको घटनाबारे सम्बन्धित निकायले छानबिन गरी कानूनबमोजिम कारबाहीको प्रक्रिया अघि बढाउने र आन्दोलनरत पक्षले मंगलबारदेखि नै आन्दोलन स्थगित गर्ने सहमति भएको हो ।
असोज ३१ गते आन्दोलनक्रममा प्रहरी र व्यवसायीबीच झडप हुँदा संघका अध्यक्ष सुरेन्द्र भण्डारीसहित केही व्यवसायी घाइते भएका थिए ।
घटनापश्चात संघले छापाको नेतृत्व गरेको डिएसपी गणेशबहादुर बम र घुमुवा सहायक निरीक्षक मनोजकुमार यादवलगायतलाई कारबाही गर्नुपर्ने भन्दै जिल्ला प्रशासन कार्यालय र मधेश प्रदेश प्रहरी कार्यालयमा चार बुँदे मागसहित ज्ञापन पत्र बुझाएका थिए । तर छापा मार्ने प्रहरीलाई कुनै कारबाही नभएको भन्दै संघको आह्वानमा व्यवसायीले आन्दोलन थालेका थिए । सोही अनुसार मंगलबार दिउँसो १२ बजेसम्म जनकपुरधामको सम्पूर्ण बजार बन्द गरिएको थियो ।
जनकपुरधाम उद्योग वाणिज्य संघको आह्वानमा जनकपुरधामका सम्पूर्ण व्यवसायीले आआफ्नो पसल बन्द गरेर विरोध जनाएका थिए ।
मंगलबार उद्योग वाणिज्य संघबाट निस्केको विरोध र्‍याली नगरको विभिन्न चोकमा प्रदर्शन गरेको थियो ।

# विकासोन्मुख देशलाई उन्नतस्तरको समर्थन आवश्यकः राष्ट्रपति



**रामएकवाल राम कतार ।**
कतार भ्रमणमा रहेका राष्ट्रपति रामचन्द्र पौडेलले विकासोन्मुख देशका लागि स्रोतका साथै प्राविधिक ज्ञान तथा सीप आवश्यक रहेको बताएका छन् । त्यसका लागि एकता, न्याय र साझा जिम्मेवारीमा आधारित उन्नतस्तरको समर्थन आवश्यक रहेको उनले बताए ।
मङ्गलबारदेखि दोहामा शुरु भएको दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । राष्ट्रपति पौडेलले भने, 'विशेषगरी विकासोन्मुख देशहरूका लागि स्रोतका साथै प्राविधिक ज्ञान र सीप पनि आवश्यक छ, हामीलाई एकता, न्याय र साझा जिम्मेवारीमा आधारित उन्नतस्तरको समर्थन आवश्यक छ, न्यायपूर्ण विश्व व्यापार प्रणाली, विकास सहायताका प्रतिबद्धताहरूको कार्यान्वयन, जलवायु वित्त, प्रविधि हस्तान्तरण र लगानीको पनि आवश्यक छ ।'
उनले गुणस्तरीय शिक्षा,

बाँकी पृष्ठ २ मा

# कृषि सडक निर्माणमा ठगी आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि सप्तरी ।**
महादेवा गाउँपालिकामा कृषि सडक निर्माणका क्रममा ठूलो अनियमितता र भ्रष्टाचार भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आठ जनाविरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको छ । आयोगका अनुसार, महादेवा गाउँपालिका–२ अन्तर्गत दोमुहान डगरदेखि पश्चिम खाडो नदी हुँदै भिमबाँधसम्मको कृषि सडक निर्माण कार्यमा मिलेमतो गरी बढी भुक्तानी लिएको पुष्टि भएको हो । आयोगले कृषि विकास निर्देशनालय धनुषाका कार्यालय प्रमुख रत्न कुमार झा, कृषि विज्ञ विकास कुमार साह, लेखा अधिकृत चक्र प्रसाद अधिकारी, वडा नं. २ का अध्यक्ष जगदीश मण्डल, उपभोक्ता समिति अध्यक्ष हरिनारायण यादव, सचिव गंगाराम यादव, कोषाध्यक्ष सावित्री देवी यादव, र किरु इन्जिनियरिङ कन्सल्टेन्टका प्रोपराइटर हरिश कुमार सिंहलाई आरोपी बनाएर मुद्दा दायर गरेको हो ।
आयोगका अनुसार, आर्थिक वर्ष २०७७–७८ मा २३ लाख ५२ हजार ८ सय ६९ रुपैयाँ ६६ पैसा बजेटमा सडक निर्माणको सम्झौता गरिएको थियो । तर तोकिएको समयभित्र काम सम्पन्न नगरी म्याद थपको निर्णय बिना नै भुक्तानी गरिएको पाइएको हो । स्थलगत नापजाँचमा पनि ठूलो घटबढ भेटिएको आयोगले जनाएको छ । नापी किताबमा ४३७.४० क्युबिक मिटर कार्य उल्लेख भए पनि फिल्डमा केबल २०३.१४ क्युबिक मिटर मात्र काम भएको पुष्टि भएको छ । यसरी २३४.२६ क्युबिक मिटरको कमीका कारण करिब ६ लाख ९० हजार रुपैयाँभन्दा बढी सरकारी रकम हिनामिना भएको ठहर गर्दै आयोगले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारबाही र सो बराबरको रकम फिर्ता गराउन माग गरेको हो ।

# एकताबाट समाजवादी क्रान्तिको वातावरण बन्दैछः दाहाल




**मधेशदृष्टि काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकका वामपन्थी पार्टीबीचको एकताबाट समाजवादी क्रान्तिको दिशामा अघि बढ्ने वातावरण बनेको बताएका छन् । कमलादीस्थित प्रज्ञा भवनमा मंगलबार बसेको माओवादी केन्द्रको राष्ट्रिय महाधिवेशन आयोजक समितिको बैठकलाई सम्बोधन गर्दै उनले जेन्जी आन्दोलनलाई समाजवादी क्रान्तिका रूपमा संश्लेषण गर्नुपर्ने बताए ।
विभिन्न नौ वाम घटकसँगको एकताबारे असन्तुष्टि व्यक्त गर्दै पार्टी पुनर्गठन अभियान सञ्चालन गर्ने घोषणा गरेका नेता जनार्दन शर्मालाई पार्टी एकताको प्रक्रियामा सहभागी हुन संयोजक दाहालले आग्रह गरे । 'तपाईं (जनार्दन)ले आफ्नो निर्णयमा पुनर्विचार गर्नुस्, पार्टीमा फर्कनुस्, सँगै अघि जानुपर्छ,' उनले भने ।
संयोजक दाहालले गणतन्त्रवादी, लोकतन्त्रवादी र देशभक्तहरू एकता अहिलेको आवश्यकता भएको उल्लेख गर्दै देशभक्तिपूर्ण आन्दोलनमा समाहित हुन परिवर्तनकारी शक्तिलाई आह्वान गरे । वामपन्थी र देशभक्ति अभियान सञ्चालन गरिरहेका कम्युनिष्ट नेताहरू पनि एकता प्रक्रियामा सहभागी हुने उनको विश्वास छ ।
माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले मुलुकको आर्थिक समृद्धि, सुशासन र भ्रष्टाचार नियन्त्रणको राष्ट्रिय कार्यभार पूरा गर्ने उद्देश्यका साथ बृहत् वामपन्थी एकता गर्न लागिएको स्पष्ट पारे । नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र ध्रुवीकरण अहिलेको आवश्यकता भएको उल्लेख गर्दै उनले सम्पूर्ण देशभक्त शक्तिहरू एक ठाउँमा आउनुको विकल्प

बाँकी पृष्ठ २ मा

# आन्दोलन जारी रहने युवाहरुको उद्घोष

**मधेशदृष्टि**
**बारा ।**
आदर्श कोतवाल गाउँपालिका कार्यालयमा युवाहरुद्वारा 'स्ट्रिट लाइट' जडानलगायत १४ बुँदे माग लिएर जारी आन्दोलनमा अगुवालाई फसाउने काम भएको भन्दै युवाहरुले आन्दोलन जारी रहने बताएका छन् ।

गाउँपालिका अध्यक्षले वार्ताबाट माग पूरा गर्नु पर्नेमा झुठो बहाना बनाई शान्तिपूर्ण आन्दोलनलाई बदनाम गर्दै कार्तिक २ गते आन्दोलनका अगुवा प्रदिप प्रसाद कुशवाहालाई वार्ताको बहानामा जिल्ला प्रशासन कार्यालय कलैया, बारामा बोलाइ पक्राउ गराउने काम भएको उनीहरुले बताएका छन् ।

यस्तै, आन्दोलनको मर्मविपरीत बदनाम गर्ने नियतसहित गुण्डा तथा लठैत प्रयोग गरी आन्दोलनकारीको अनुपस्थितिमा ताला फुटाउने, आगजनी गर्ने कार्यमा आन्दोलनकर्मीको संलग्नता नरहेको पनि बताइएको छ । आगजनीमा कार्यालयकै सहयोगी र वडाअध्यक्षको छोरा संलग्न रहेको बताउँदै युवाहरुले निष्पक्ष छानबिन माग गरेका छन् ।

कात्तिक १५ गतेदेखि गाउँपालिका कार्यालय र सरकारी कार्यालय बन्द भएकामा दुई नेता रिहा भएपछि कात्तिक १८ गते मंगलबारदेखि कार्यालय खुला भएको छ । युवाको झुठा मुद्दा खारेज नगरेसम्म र १४ बुँदे माग पूरा नभएसम्म कात्तिक २३ गतेदेखि आन्दोलन हुने बताइएको छ । उनीहरुले दिवेश कुमारा सिंह र प्रदिप प्रसाद कुशवाहामाथि गरेको हर्कतको विरोध गरेका छन् ।

# जनार्दन र राम कार्कीको नेतृत्वमा प्रगतिशील अभियान



**ललितपुर ।**
'विद्रोह जायज छ, विद्रोह अधिकार हो' भन्ने नारासहित माओवादी केन्द्रका पूर्वमहासचिव जनार्दन शर्मा र पूर्वसचिव राम कार्कीले समाजवादी ऐक्यबद्धताको आह्वानसहित प्रगतिशील अभियानको सुरुआत भएको घोषणा गरेका छन् ।

प्रगतिशील अभियानले नेपालमा दशकौंदेखि चल्दै आएका जनआन्दोलन, जनयुद्ध र जनविद्रोहका सहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै, देशलाई नयाँ समाजवादी दिशातर्फ उन्मुख गराउन सबै प्रगतिशील शक्तिहरू एकजुट गराउने विश्वास व्यक्त गरेका छन् ।

पत्रकार सम्मेलनमा पूर्वअर्थमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का पूर्वउपमहासचिव जनार्दन शर्माले भने, 'विद्रोह हरेक पीडित, उत्पीडित र बेवास्ता गरिएको जनताको अधिकार हो । आजको आवश्यकता पुराना गल्तीबाट सिक्दै समाजवादी ऐक्यबद्धतामा नयाँ बाटो खोज्ने हो ।'

उनले माओवादी आन्दोलन र शान्ति प्रक्रियामा प्रवेशलाई ऐतिहासिक मोड बताउँदै भने, 'क्रान्तिको मर्म र सहिदहरूको बलिदानलाई व्यर्थ जान नदिई समाजवादी राजनीति र जनताको सर्वोच्चतामा आधारित नयाँ दिशा तय गर्नुपर्छ ।'

त्यसैगरी, माओवादी केन्द्रका पूर्वसचिव राम कार्कीले नेपाली कम्युनिष्ट आन्दोलनभित्रको गुटबन्दी, व्यक्तिवाद र अवसरवादले आन्दोलन कमजोर बनाएको बताए । उनले भने, 'नेपालको वाम आन्दोलनले जनताको अपार विश्वास पाएको थियो, तर नेताहरूले जनताप्रति जवाफदेही बन्न नसक्दा त्यो ऊर्जा निराशामा परिणत भयो । अब वैचारिक शुद्धता, आत्मसमीक्षा र सङ्गठनात्मक नवजीवनमार्फत नयाँ समाजवादी आन्दोलन खडा गर्नैपर्छ ।'रासस

# अग्नि साइर कृष्णासवरन गाउँपालिकाका अध्यक्ष दीनानाथ चौधरीको राजीनामा

**मधेशदृष्टि**
**सप्तरी ।**
अग्नि साइर कृष्णासवरन गाउँपालिकाका अध्यक्ष दीनानाथ चौधरीले पदबाट राजीनामा दिएका छन्। सोमबार मिति २०८२ साल असोज ५ गते गाउँपालिकाका उपाध्यक्षसमक्ष राजीनामा पत्र बुझाएका हुन्।



राजीनामा पत्रमा अध्यक्ष चौधरीले विभिन्न कारणवश निरन्तर रूपमा पदका जिम्मेवारी पूरा गर्न असमर्थ भएको उल्लेख गर्दै तत्काल प्रभावका लागि राजीनामा दिएको जनाएका छन्।

उनले आफ्नो कार्यकालका क्रममा गाउँपालिकाको नेतृत्व गर्दै महत्वपूर्ण अनुभव हासिल गरेको र जीवनको अमूल्य उपलब्धि भएको बताएका छन्। साथै, आगामी दिनमा पनि गाउँपालिकाको सेवा र विकासमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन्।

उपाध्यक्ष चौधरीले राजीनामा स्वीकृत भएको जानकारी दिँदै आवश्यक प्रशासनिक प्रक्रिया अघि बढाइएको बताएका छन्।उपाध्यक्षको कार्यकक्षमा रहेको सोफामा सुतेर वडाध्यक्षबाट खुट्टामा मालिस गराएको भिडिओ सामाजिक सञ्जालमा भाइरल भएपछि चौधरी विवादमा तानिएका थिए।

अध्यक्ष चौधरी एमालेबाट निर्वाचित भएका थिए भने उपाध्यक्ष कल्पना चौधरी नेपाली कांग्रेसबाट निर्वाचित भएकी हुन्।

# कटहरियाका मेयरको फोन स्वीच अफ, ह्वाट्स ...

गएको छ भने दैनिक ज्यालादारीका कर्मचारी र करारका कर्मचारीलाई दैनिक जीवनयापनमै समस्या आउँदा पनि उनी सम्पर्कविहीन भएर गैरजिम्मेवारीपन देखाइरहेका छन् । पालिकाका ७० जति कर्मचारीले ३ वर्षदेखि तलब नपाएका हुन् ।

बक्यौता सेवासुविधा माग गर्दै उनीहरू गत बुधबारदेखि नगरपालिका र १ देखि ९ सम्मका सम्पूर्ण वडा कार्यालयमा दोस्रो पटक तालाबन्दी गरेर धर्नामा बसेका छन् ।

तर मेयर जैसवाल ९८५५० ४१९५९ नम्बरको मोबाइल स्वीचअफ गरेर सम्पर्कबिहीन छन् ।

वडाध्यक्षहरुसमेत आन्दोलनमा समाहित भइरहँदा उनी नाजवाफ भएर हराएको पाइएको हो । उनको ह्वाट्स एपमा फोन गर्दा पनि काट्ने र नउठाउने गरेको पीडितको आरोप छ ।

# एकताबाट समाजवादी क्रान्तिको...

नभएको दोहो¥याए । उनले नेकपा (एकीकृत समाजवादी) सहितका नौ वटा कम्युनिस्ट पार्टीहरू बिचको एकीकरण नेपालको कम्युनिस्ट पार्टीहरूको एकीकरणको कोसेढुङ्गा साबित हुने दाबी समेत गरे। नेता श्रेष्ठले राष्ट्रियता, सुशासन, समृद्धि र समाजवादको आधार निर्माणको पक्षमा आउने सबै कम्युनिस्ट शक्तिहरूलाई आफूहरूले एकीकृत गर्दै अघि बढ्ने लक्ष्य लिएको जिकिर गरे ।

बैठकले पार्टी एकतासम्बन्धी प्रस्ताव पारित गरेको छ । प्रवक्ता अग्निप्रसाद सापकोटाले समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आवश्यक भएको उल्लेख गर्दै सोही आवश्यकता पूरा गर्न विभिन्न नौ वटा वाम घटकबीच एकता घोषणा हुन लागेको जानकारी दिए ।

उनका अनुसार बुधबार भृकुटीमण्डपमा पार्टी एकता घोषणासभा हुनेछ । एकीकृत पार्टीको नाम 'नेपाली कम्युनिष्ट पार्टी' रहने बताइएको छ । माओवादी केन्द्र, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी नेकपा (माओवादी समाजवादी), नेकपा (साम्यवादी)सहित विभिन्न नौ वटा कम्युनिष्ट पार्टीबीच एकता हुँदैछ ।

एकतापछि बन्ने पार्टीको मार्गनिर्देशक सिद्धान्त माक्र्सवाद–लेनिनवाद हुने र नेपाली क्रन्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुने प्रवक्ता सापकोटाले जानकारी दिए । एकता प्रक्रियामा सहभागी सबै घटकको केन्द्रीय समितिको संयुक्त भेलाबाट पार्टी एकताको घोषणा, घोषणापत्र र अन्तरिम विधान पारित तथा केन्द्रीय समितिको गठन हुनेछ । पार्टीको चुनाव चिह्न पाँचकुने तारा राख्ने सहमति भएको छ ।

जसपा नेपालको असहमति

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले आफ्नो पार्टीको झण्डामा भएको पाँचकुने तारा चुनाव चिन्हको रुपमा प्रयोग नगर्न सचेत गराएको छ । नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीसहित विभिन्न नौ वाम घटक मिलेर बन्न लागेको 'नेपाली कम्युनिष्ट पार्टी' को चुनाव चिन्ह पाँचकुने तारा घोषणा गरिएपछि जसपा नेपालले प्रतिक्रिया जनाएको हो ।

मंगलबार प्रवक्ता मनिष कुमार सुमनले विज्ञप्ति जारी गर्दै आफ्नो झण्डामा भएको पाँचकुने तारा प्रयोग नगर्न भनेको छ ।

'जनता समाजवादी पार्टी, नेपालको झण्डामा प्रयोग गरी आएको पाँचकुने तारा चिन्ह अन्य कुनै राजनीतिक दललाई निर्वाचन चिन्ह वा अन्य चिन्हको रुपमा प्रयोग नगर्न हुन आग्रह गर्दछौँ,' विज्ञप्तिमा उल्लेख छ ।

# विकासोन्मुख देशलाई उन्नतस्तरको...

स्वास्थ्य सेवा र सामाजिक सुरक्षामा सबैको पहुँच सुनिश्चित गर्नु आफूहरुको प्राथमिकता भएको बताए । राष्ट्रपति पौडेलले समावेशिता, न्याय र सामाजिक सुरक्षालाई नेपालले सामाजिक विकासका आधार स्तम्भका रूपमा लिइएको पनि बताए । उनले भदौ २३ र २४ मा जेन्जीका नाममा प्रदर्शन भएको तर आफूहरूले संविधान र लोकतान्त्रिक प्रणाली जोगाउँदै मुलुकलाई सुरक्षित अवतरण गरेर फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गरेको उल्लेख गरे ।

**निर्वाचनलाई सफल बनाउन आग्रह**

राष्ट्रपति रामचन्द्र पौडेलले फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचन सफल बनाउन सबैलाई आग्रह गरेका छन् । कतारको दोहास्थित नेपाली राजदूतावासमा सोमबार आयोजित स्वागत कार्यक्रममा क्रममा सम्बोधन गर्दै उनले यो निर्वाचन नेपालको विकास र भाग्यका लागि महत्त्वपूर्ण हुने पनि बताए ।

युवा पुस्ताले भ्रष्टाचारको अन्त्य, सुशासन, विकास र नेपाली युवा विदेशिनु पर्ने अवस्था अन्त्यका लागि आन्दोलन गरेको तर यो तापमा रोटी सेकाउन खोज्नेहरू असफल भएकाले संविधान र प्रणाली जोगाउन सकिएको पनि राष्ट्रपति पौडेलले बताए ।

उनले संसारका अन्य देशमा युवाको आन्दोलनले ल्याएको आँधीबेरीको समाधान निकाल्न कठिन भए पनि नेपालमा प्रणाली र संविधान जोगाएर राजनीतिलाई सुरक्षित अवतरण गराउन सकिएको उल्लेख गरे ।


## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

**बिरगंज,१५पर्सा**

**डांक बढाबढ द्वारा लिलामी बिक्रीको सुचना**

**प्रकाशित मिति :- २०८२/०७/१९**

✆-०५१५९१५३४,✉-kohinoorsahakari@gmail.com

तपशिलमा उल्लेखित सदस्यहरुले निम्न लिखित चल/अचल सम्पति धितो सुरक्षणमा राखी यस संस्थाबाट देहाय बमोजिम कर्जा लिएकोमा म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तरताकेता गर्दा पनि हाल सम्म कर्जा चुक्ता नगरेकाले अन्तिम पटक यो सुचना प्रकाशित गरिएको छ । तसर्थ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा साँवा रकम र सो चुक्ता गर्नु भन्दा अघिल्लो दिन सम्मको सम्पूर्ण ब्याज समेत चुक्ता गर्न आउनु हुन सम्बन्धित ऋणीलाई र व्यक्तिगत वा धितो जमानी दिनुहुने व्यक्तिहरुलाई समेत आह्वान गरिन्छ । उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नभएमा ३६ औ दिन धितो सुरक्षणमा रहेको चल/अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मितिमा सार्वजनिक डांक बढाबढ द्वारा लिलाम बिक्रि गरिने हुँदा लिलाममा डांक बढाबढ गरिलिन इच्छुक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै उपरोक्तानुसार डांक बढाबढ द्वारा लिलाम बिक्रि हुन नसकेमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पति संस्थालाई उपयुक्त लागेमा संस्था आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : देव मतिया देवी<br>पति : शंकर दास<br>बुबा : दर्शै पजियार<br>ससुरा : भुलन दास थारु<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री भुलन दास थारु को बुहारी शंकर दास को श्रीमति देव मतिया देवी पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ८ बस्ने ना.प्रा.न ८११६१०३३ मिति २०४५/०१/२४ पर्सा बर्ष ६५ को देव मतिया देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बिरगंज वडा नं. १६ स्थितको किता नं. ६४३ को जग्गाको क्षेत्रफल ०.००५५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : हेमन्ती सोनारिन<br>पति : रामकृत सा सोनार<br>बुवा : निर्गुण साह सोनार<br>ससुरा : महेन्द्र सा सोनार<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री महेन्द्र सा सोनार को बुहारी रामकृत सा सोनार को श्रीमति हेमन्ती सोनारिन बारा जिल्ला नरही वडा नं. ४ बस्ने ना.प्रा.न १८१३/०९८२ मिति २०४६/११/१७ बारा वर्ष ५९ को हेमन्ती सोनारिन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला नगवा बी वडा नं. ७ स्थितको किता नं. ३५९ को जग्गाको क्षेत्रफल ०-०-५१/२ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : कुमारी देवी<br>पति : तुलसी पंडित कुम्हाल<br>बुवा : कारी पंडित कुम्हाल<br>ससुरा : शिवलाल पंडित<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री शिवलाल पंडित को बुहारी तुलसी पंडित कुम्हाल को श्रीमति कुमारी देवी पर्सा जिल्ला हरपतगंज वडा नं. ६ बस्ने ना.प्रा.न ३६६११७९६ मिति २०४६/०१/२० पर्सा बर्ष ५८ को कुमारी देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला हरपतगंज वडा नं. ५ स्थितको किता नं. ८२५ को जग्गाको क्षेत्रफल ०-१-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : जवाहीर महरा चमार<br>पत्नी : सरिता देवी<br>बुवा : महादेव महरा चमार<br>बाजे : धरिछन महरा चमार<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री धरिछन महरा चमार को नाति महादेव महरा चमार को छोरा जवाहीर महरा चमार पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ७ बस्ने ना.प्रा.न ०४४९१९२३ मिति २०४६/११/२३ पर्सा बर्ष ५८ को जवाहीर महरा चमार को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ७ स्थितका किता नं. ८६ को जग्गाको क्षेत्रफल २००.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : चन्द्रकिशोर साह कानु<br>पत्नी : प्रभा देवी<br>बुवा : चोकट सा कानु<br>बाजे : देवधारी सा कानु<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री देवधारी सा कानु को नाति चोकट सा कानु को छोरा चन्द्रकिशोर साह कानु बारा जिल्ला रघुनाथपुर वडा नं. ९ बस्ने चन्द्रकिशोर साह कानु ना.प्रा.न ३३३०९६/५५७ मिति २०६३/१२/१५ बारा बर्ष ५५ को चन्द्रकिशोर साह कानु को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी बी वडा नं. २ स्थितको किता नं.७२२ को जग्गाको ०-०-६-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

**लिलामीशर्तहरु :-**

१)लिलामीमा सबै भन्दा बढी बोलकवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा बैंक जमानत धरौटी वापत त्यसै दिन यस संस्थामा बुझाउनु पर्नेछ ।

२)डांक बढाबढ गर्दा सबैभन्दा बढीकबोल गर्ने व्यक्तिलाई सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

३)लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतजफत हुनेछ। लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकमफिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन् ।

४) तपशिलमा उल्लेखित कर्जाहरुको लिलामी कार्य यो सूचनाप्रकाशित भएको ३६औ दिन अर्थात मिति २०८२/०८/२५ का दिन यस संस्थामा दिनको २:०० बजे देखि ३:०० बजे सम्म यस संस्था को कार्यालयमा हुनेछ । तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा संस्था विदा परेमा सोको लगतै संस्था खुलेको दिन सोही समयमा लिलाम कार्य हुनेछ ।

५)लिलाम बिक्रि हुने सम्पति हेर्न चाहाने वा लिलाम बिक्रि हुने सम्पति वापत ऋणीले तिर्न बुझाउन बाँकी रहेको रकम बारे जानकारी लिन चाहने व्यक्तिले यस संस्थाको कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जानकारी लिन सकिनेछ ।

६)डांक बढाबढको सुरुवात अचल सम्पतिको न्युनतम मूल्यबाट शुरु गरिने छ ।

७)डांक बढाबढको कार्य यस संस्थाको कार्यालयमा हुनेछ ।

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र व्यापारिक कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुनपुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रिको कार्य हुने भएकोले उक्तदिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्रि गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था सकार गरिलियो भनि कहिकतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्रि गर्दापुर्न मुल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्था सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानीदिनेहरुको अन्यश्री सम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिएको छ ।



**धानबालीः** नेपाल कृषि अनुसन्धान परिषद् क्षेत्रीय कृषि अनुसन्धान केन्द्र परवानीपुर, बारामा पाक्न लागेको धानबाली । तस्बिरः रासस

# अदालतबाट समयमा न्याय पाइएन भने.....

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवनका सुरज भुषाल धरौटी रकम बुझाउन नसकेका कारण ३ वर्ष ८ महिना जेल बसेर रिहा भएका छन् । लिखत सम्बन्धी कसुरमा पर्सा जिल्ला अदालतले २०७८ माघ १४ गते एक लाख रुपैयाँ धरौटी माग गरेकामा रकम बुझाउन नसक्दा उनी वीरगंज कारागार पठाइएका थिए ।

चितवनको भरतपुर नगरपालिका–७ निवासी ४६ वर्षीय भुषाललाई पर्सा जिल्ला अदालतका न्यायाधीश रुद्रप्रसाद सुवेदीको इजलाशले आइतबार अभियोग दाबी नपुगेको ठहर गर्दै निर्दोष ठहर गरेको हो । यससँगै उनले ३ वर्ष ८ महिना जेल जीवन बिताएपछि रिहा भएका छन् । भुषालको तर्फबाट वैतनिक अधिवक्ता विद्यादेवी कटुवाल र लिलाबहादुर रिजालले बहस गरेका थिए ।

भुषालमाथि बा९२प ७८२५ नम्बरको मोटरसाइकलको ब्लुबुक किर्ते गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक प्रदीपकुमार डिसीको प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले अभियोगपत्र दर्ता गरेको थियो । त्यसपछि तत्कालीन न्यायाधीश राजेशकुमार कटुवालको इजलाशले एक लाख रुपैयाँ धरौटी माग गर्ने आदेश दिएको थियो ।

धरौटी रकम बुझाउन नसकेका भुषाल लामो समयदेखि थुनामा थिए । काठमाडौँकी अधिवक्ता निरुजा चापागाईंले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतले कार्तिक १३ गते पर्सा जिल्ला अदालतलाई परामादेश जारी गरेपछि मात्र मुद्दाको अन्तिम फैसला भएको पर्सा जिल्ला अदालतका नासु प्रकाश पुडासैनीले जानकारी दिए ।

पर्सा जिल्ला अदालत बार एशोसिएसनका अध्यक्ष अधिवक्ता रामनारायण कुर्मीका अनुसार कुनै पनि मुद्दाको अन्तिम फैसला डेढदेखि दुई वर्षभित्र हुनुपर्ने भए पनि यो मुद्दामा ढिलाइ हुँदा भुषालले लामो समय कारागारमा बिताउनु परेको हो । यसअघि उनी सोही मोटरसाइकल चोरी प्रकरणमा ललितपुर जिल्ला अदालतबाट सफाइ पाइसकेका व्यक्ति हुन् ।

# दाजुभाइप्रति समर्पित ‘सामा’ पर्व समापन



**महोत्तरी ।**
मधेशको प्राचीन मिथिला क्षेत्रमा मिथिलानी (मिथिलाका नारी)ले मन फुकाएर सामाचकेवा खेल्न पाएका छैनन् । कात्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म ११ दिन मनाइने यो पर्वको मध्यतिर लगातार पाँच दिन पानी परिरहेकाले मिथिलानीले पर्वमा रमाइलो गर्न नपाएका हुन् ।

रातको समयमा खुला ठाउँमा दाजुभाइको सौर्य बखान र ऐश्वर्य गाथा गाएर मनाइने यो पर्व वर्षाले प्रभावित भएको स्थानीय बताउँछन् । अब भने मिथिलानी यो पर्वको समापनको तयारीमा जुटेका छन् ।

‘हामीले मौसम राम्रो नहुँदा सामा राम्ररी मनाउन पाएनौँ, अब समापनको बेला आइसक्यो । बाँकी विधि राम्ररी रमाइलो गर्दै समापन गर्ने तयारीमा छौँ,’ भङ्गाहा–७ की रङ्गिला चौधरी थारुले भनिन्, ‘दाजु समापनमा आउने पक्का भएको छ ।’ उनका अनुसार कात्तिक शुक्ल पञ्चमी अर्थात् यसपटक सम्पन्न छठपर्वको खरनाका दिनदेखि शुरु गरिएको सामा कात्तिक पूर्णिमाका दिन समापन गरिँदै छ । मिथिलामा दाजुभाइ–दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिने सामाचकेवालाई बोलीचालीमा ‘सामा’ भनिन्छ । यो मिथिलानीबीच समूहमा गीत गाउँदै मनाइने रमाइलो खेल हो । त्यसैले यसलाई ‘सामा खेल्ने’ पनि भनिन्छ ।

अहिले कात्तिक पूर्णिमा नजिकिएर यो पर्व समापनको तयारी अघि बढेसँगै मिथिलानी आफ्ना दाजुभाइलाई पर्वका लागि खबर दिन व्यस्त छन् । पर्वको समापनमा दाजुभाइबाट सामा खेलका माटाका आकृति घुँडामा राखेर फुटाउन लगाउने विधि गर्ने र मिष्ठान्न परिकार खुवाउने परम्पराले दिदीबहिनी आफ्ना दाजुभाइलाई बोलाउन व्यस्त भएका हुन् ।

‘भैयाके खबर कैने छि, ओ अयबे करता (दाजुलाई खबर गरेकी छु, उन आउनु हुन्छ),’ बुधबार सामा समापनको तयारीमा रहनुभएकी बर्दिवास–२ की सङ्गीता मुखियाले भनिन्, ‘आब भैयाके लेल मरमिठाइके जोगारमें लागल छि (अब दाजुका लागि मिष्ठान्न परिकार जुटाउन लागेकी छु) ।’

आफ्ना दाजुभाइप्रति प्रेम र समर्पण दर्शाउँदै उनीहरूको सौर्य बखान गरेर रातिको समयमा गीत गाउँदै यो पर्व मनाउने परम्परा रहेको मुखियाले जानकारी दिइन् ।

‘रातिको समयमा टोलभरिका मन मिल्ने साथीहरू जम्मा भएर आआफ्ना दाजुभाइलाई सम्झँदै सामा गीत गाउँछौँ, यतिखेर मन खोलेर सखीसँगीबीच ख्यालठट्टा गरिन्छ,’ बर्दिवास–९ की सुधा महतोले भनिन्, ‘हामीलाई साथीसँगीबीचको जमघटको रमाइलोले ११ दिन बितेको पत्तै हुँदैन ।’

मिथिलानीजस्तै दाजुभाइलाई पनि सामाको पर्खाइ हुन्छ । दिदीबहिनीबाट पाउने प्रेम र समर्पणले मैथिल दाजुभाइ हर्षित हुन्छन् । पर्वका माध्यमले दिदीबहिनीले गीतमार्फत आपूmहरूप्रति दर्शाएका प्रेम र समर्पण भावले प्रत्येक मैथिल गर्व गर्छन् । ‘सामामा दिदीबहिनीले गीतमार्फत दर्शाउने प्रेमले यी हुनुको खुसी मिल्छ,’ भङ्गाहा–४ का नन्दन चौधरी थारुले भनिन्, ‘गीतमा दिदीबहिनीले दर्शाएका भावले ऊर्जा दिन्छ ।’

‘कार्तिक मासे यौ भैया सामा लेलक अवतार, सयौं बरख जियौ यौ भैया सामा लेलक अवतार’ (हे दाजुभाइ हो, कात्तिक महिनामा सामा (खेलकी प्रमुख स्त्री पात्र) ले फेरि अवतार लिएकी छन् । तिमी सयौँ वर्ष बाँच्छौ, सामा (बहिनीको भाव) ले फेरि अवतार लिई सकेकी छन् ।) दाजुभाइको दीर्घायूको कामनामात्र नभएर मिथिलानीहरु सामा गीतमा आफना दाजुभाइ बहादुर, परोपकारी र दिदीबहिनीप्रति अपार स्नेह भएका पनि गीतबाटै भाव व्यक्त गर्दछन् । यस्ता गीत सुन्दा दिदीबहिनी नहुनेहरु मेराचाहिँ किन भएनन् ? भन्ने भाव र खुल्दुली लगाउने गरेको पाइन्छ ।

‘चलु बहिना सामा खेल भैयाके आँगन हे...जुगजग जियथिन भैया अपन हे...!’ (हिँड दिदीबहिनी हो (सामा खेल्न तयार भएकी एक महिलाले अर्की महिलालाई भन्दैछिन्) सामा खेल्न दाजुको आँगनमा जाउँ, हाम्रो कामनाले दाजुभाइ युगयुगसम्म बाँच्नेछन्) । मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग रहेको सामा पर्वले ‘छोरी’ नचाहिने भन्नेलाई पनि यो पर्वबीच ‘छोरी’ को रहर जगाउँछ । आफ्ना दाजुभाइ र दिदीबहिनी नहुनेले नजिकमा यस्तो नाताभित्र पर्व मनाउने गरेका जलेश्वर–१२ का मनोज साहले बताए ।

पर्वमा मिथिलानीले सामाचकेवा, सतभैया (सप्तर्षि), चुगला (कुरा लगाउने, कुरा काट्ने महाभारतकालीन ‘चुडक’ नाउँको एक पात्र) र वृन्दावनसहित माटाका आकृति अगाडि राखेर गीत गाउँदै प्रत्येक दिन चुगलाको दाह्रीमा आगोले झोस्दै त्यो दिनको खेल सम्पन्न गर्दछन् । यस्ता आकृति पर्व शुरु हुनपूर्व मिथिलानीहरूले पोखरीको डिलबाट माटो खनेर ल्याई बनाउँछन् । पर्वको अन्तिम दिन (कात्तिक पूर्णिमा) मा दाजुभाइका हातबाट ती आकृति घुँडामा राखेर फुटाउन लगाएर जोतिएको खेत वा निर्जन वनमा गाडेर पर्व समापन गरिन्छ । पर्व समापनसँगै दिदीबहिनीले दाजुभाइलाई मिष्ठान्न परिकार खुवाउँछन् ।

यसैगरी दाजुभाइले गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणा दिने चलन छ । दाजुभाइ दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व द्वापरयुगदेखि शुरु भएको विश्वास गरिन्छ ।

द्वापरयुगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चकेवा) सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे (चुगला)ले कृष्णलाई भन्दा छोरी स्वच्छन्द प्रवृत्तिकी भई भन्ने रिसमा दुवै (सामा र चकेवा) लाई चरा हुने श्राप दिएको पौराणिक कथाको प्रसङ्ग यो पर्वको परिवेश रहेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका प्राचार्य हेमनारायण कर्णले जानकारी दिए ।

कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउनसक्रे वरदान पाएर कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्वयोनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन पाइन्छ । दाजु साम्बको त्यही गुनलाई सम्झँदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचकेवा पर्वको परम्परा बसेको कर्णको भनाइ छ । रासस

# अखण्ड अष्टयाम र लखराव यज्ञप्रति आकर्षण

**रौतहट।**
तराई–मधेशका रौतहट, बारा, पर्सालगायत आसपासका क्षेत्रमा अखण्ड अष्टयाम र लखराव यज्ञजस्ता धार्मिक अनुष्ठानहरू लोकप्रिय बन्दै गएका छन्।

पछिल्ला वर्षहरूमा विवाह, व्रतबन्ध, गृहप्रवेश, प्राणप्रतिष्ठा, यज्ञयज्ञाधिलगायतका शुभकार्यमा नाचगान, भोजभतेरसहित यस किसिमका धार्मिक अनुष्ठान गर्ने चलन बढ्दै गएको छ।

मौलापुर नगरपालिका–४ का हरेकृष्ण तिवारीका अनुसार विशेषगरी माघदेखि असार महिनासम्म सूर्य उत्तरायणको समयमा गरिने विभिन्न शुभकार्यमा गर्ने चलन बढेको हो। यसो नगरिकन शुभकार्य गरेमा फल प्राप्ति नहुने विश्वाससहित अखण्ड अष्टयाम र लखराव अनिवार्य गर्न थालिएको उनले स्पष्ट गर्नुभयो । साथै धार्मिक सहिष्णुता, सामाजिक एकता र भाइचाराको सम्बन्ध विस्तारमा समेत यो चलन सहयोगी बनेको देखिन्छ।



धार्मिक अनुष्ठान गर्नका लागि मात्र आर्थिक हैसियतअनुसार २५ हजार रुपैयाँदेखि दशौँ लाखसम्म अतिरिक्त रकम खर्च हुनेगरेको बौधीमाई नगरपालिका–८ सरमुजुवाका निर्दलीप्रसाद जैसवाल बताउँनुहुन्छ। उनका अनुसार भजनकीर्तन मण्डली, ‘साउण्ड सर्भिस’, ‘टेन्ट’, भोजभतेरलगायतको व्यवस्थापनका क्रममा आयोजक पक्षले थप आर्थिक दायित्व व्यहोर्नुपरेको हो।

यसैगरी मध्यतराईका गाउँ–बस्तीमा विवाहअघि भगवान महादेवलाई प्रसन्न पार्न रुद्री पाठ, बसाहा (गोरु) पूजा, र शिवलिङ्गको लखराव पूजा गर्ने चलन पनि बढेको देखिन्छ । यसका लागि २०–२५ जना पुजारीद्वारा माटोले बनाइएका एक लाख २५ हजार शिवलिङ्गको सामूहिक पूजा गरिने धार्मिक विधि रहेको सरमुजुवा गाविसका पूर्वअध्यक्ष रामलोचन जैसवाल बताउँछन्।

सन्तान नहुने दम्पतीले भाकलसहित तीर्थव्रतपछि जन्मेका सन्तानको विवाहअघि भगवान् शङ्कर र विष्णुलाई खुसी पार्न २४सैँ घण्टा अखण्ड अष्टयाम आयोजना गर्ने चलन पनि यस क्षेत्रमा बढ्दै गएको देखिन्छ। दुःखकष्टबिना खोटरहित सकुशल सन्तानको जन्म भएमा वाचा गरिएअनुसार लखराव, अष्टयाम गर्ने चलन रहेको मौलापुर नगरपालिका–३ का ७३ वर्षीय अनिल ठाकुरले जानकारी दिए।

यसैगरी पछिल्लो दशकमा हनुमानको आराधना गर्ने चलन पनि बढेको बौद्धिमाई नगरपालिका–८ पूर्ववडाध्यक्ष उपेन्द्र दास बताउँछन् । उनका अनुसार पहिले मङ्गलबार र शनिबार मात्र आरधना गरिँदैआएकामा हिजोआज हप्तामा सातै दिन सङ्गीतमय वातावरणसहित पूजाआजा र आरधना गर्ने चलन बढेको छ। यसकिसिमका धार्मिक क्रियाकलाप एवम् अनुष्ठानका कारण देशको मध्यतराईस्थित रौतहट, बारा, पर्सालगायत आसपासका मधेशी समाजमा धार्मिक आस्था, मौलिक संस्कृति, आपसी सद्भावसहित भारचाराको सम्बन्ध विस्तारमा सहयोग पुगेको देखिन्छ। रासस

# मानमत–कलैया–मटिअर्वा सडक निर्माण शुरु

**वीरगंज।**
तराई मधेशको लाइफलाइनका रूपमा रहेको हुलाकी सडक आयोजनाअन्तर्गत बाराको कलैया बजार क्षेत्रमा १४ वर्षदेखि अलपत्र साढे तीन किलोमिटर मानमत– कलैया– मटिअर्वा सडक खण्डको निर्माण कार्य पुनः शुरु भएको छ । निर्माणको जिम्मा पाएको ठेकेदारले आइतबारदेखि कलैया उपमहानगरपालिका–१ को तीनकुने चोकबाट सडक खण्डको अधुरो निर्माण कार्य पुन: शुरु गरेको छ।

भारतको दशगजा नाका र पूर्व–पश्चिम राजमार्गलाई सिधै जोड्ने भएकाले व्यापारिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिने सडक निर्माण नहुँदा स्थानीय बासिन्दा र व्यवसायीले ठुलो सास्ती खेपिरहेका थिए। सडक निर्माण नहुँदा गर्मीमा धुलो, वर्षामा



हिलो र खाल्डाखुल्डीमा जम्मा पानीले यातायात, व्यापार तथा स्वास्थ्यमा गम्भीर असर परेको थियो । कलैयाबाट राजमार्ग पुग्न ३३ किलोमिटर घुमेर वीरगञ्ज–पथलैया हुँदै जानुपर्ने बाध्यता थियो भने वर्षायाममा ठूला दुर्घटना समेत हुने गरेका थिए। सडक बारा जिल्लाको प्रमुख राजनीतिक मुद्दा बनेको थियो । डेढ दशकमा सरकार फेरिँदा मन्त्री, सांसद र संसदीय समितिले अनुगमन गरी पटक–पटक आश्वासन दिए पनि निर्माण अघि बढेको थिएन । राजनीतिक दलको उदासीनताविरुद्ध स्थानीय स्वतन्त्र युवाहरूले दबाब सिर्जना गर्न हस्ताक्षर अभियान थालेसँगै अहिले सडक निर्माण शुरु भएको हो।

मानमत–कलैया–मटिअर्वा सडक खण्डको कुल २७ किलोमिटर सडकमध्ये २४ किलोमिटर कालोपत्रे भइसकेको छ तर बाँकी साढे ३ किलोमिटर कलैया बजार क्षेत्रमा अलपत्र छ। २०६८ मा भारतीय कम्पनी भिस्वा कन्स्ट्रक्सनले काम थाल्यो र २३ किलोमिटरपछि रोकिएको थियो। त्यस पश्चात् २०७३ मा ठेक्का लिएको आशीष–डिएस जेभीले पनि काम अधुरै छोडेर गयो । २०७८ पुस २७ मा सप्तकोशी जलाधार–ओम साई एन्ड कम्पनीले ठेक्का पाएदेखि हालसम्म १८ प्रतिशत काम मात्र सम्पन्न गरेको छ। ठेक्का रकम २२ करोड ३१ लाख रहेकोमा ४ करोड १५ लाख भुक्तानी भइसके पनि जिम्मा पाएको निर्माण व्यवसायीले विभिन्न बहाना बनाउँदै काम रोक्ने गरेको छ।

हुलाकी राजमार्ग निर्देशनालय वीरगन्जले असोज ३१ मा ठेकेदारलाई १५ दिने स्पष्टीकरण माग्दै ठेक्का रद्द गर्ने चेतावनी सँगै स्थानीय युनाहरुको दबाबपछि काम शुरु भएको आयोजनाका सूचना अधिकारी धर्मेन्द्रकुमार दासले बताए।

# विद्यालय व्यवस्थापन समितिमा पूर्णता

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१४ बहुअरीस्थित मदरसा तौहिदूल इस्लाम सलफिया माध्यमिक विद्यालयमा व्यवस्थापन समितिको नयाँ समिति गठन भई पूर्णता प्राप्त गरेको छ । नवगठित समितिको अध्यक्षमा सम्सेद अख्तर चयन भएका छन्। त्यस्तै, सदस्यमा रफिक अन्सारी, अफलाक अन्सारी, सिमा खातुन, कलामसुन नेसा, कोरैसा खातुन तथा वडा अध्यक्ष महबुब ऐलाही अन्सारी पदेन सदस्य रहेका छन्। शिक्षक प्रतिनिधिका रूपमा सुल्ताना खातुन र प्रधानाध्यापक अकबर हवारी सदस्य सचिव छन् । विद्यालयले प्रमाणपत्र वितरण गरेको छ। वडा अध्यक्ष महबुब ऐलाही अन्सारीले प्रमाण पत्र वितरण गरेका हुन् । कार्यक्रमको सभापतित्व प्रधानाध्यापक अकबर हवारीले गरेका थिए।

# जेन्जी जनमत युवा संघ गठन

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्ला निर्वाचन क्षेत्र नम्बर ३ मा जेन्जी जनमत युवा संघ गठन अभियान अन्तर्गत बहुदरमाई नगरपालिका वडा नम्बर ९ विश्रामपुरमा कार्यक्रम भएको छ।

५२ युवाको उपस्थितिमा जनमत पार्टीका केन्द्रीय सदस्य मालती कुशवाहाको अध्यक्षतामा २१ सदस्यीय वडास्तरीय जेन्जी जनमत युवा संघ गठन गरिएको हो । कार्यक्रममा उपस्थित युवाले संघको अभियानलाई गाउँ, टोलमा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे।

# लागुऔषधसहित दुई पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी।**
बर्दिवास नगरपालिका वडा नं. ८ क्वाटर चोकबाट लागुऔषधका सिरपसहित ज९प ४४२१ र ज१२ प ८२३ नम्बरको मोटरसाइकलमा सवार दुई जना पक्राउ परेका छन् । लागुऔषधसहित धनुषा, मिथिला नगरपालिका वडा नं. ९ बडहरीका २५ वर्षीय राजेश महतो र २० वर्षीय रोहित कुमार महतोलाई सोमबार बेलुका प्रहरीले नियन्त्रणमा लिएको हो । बर्दिबास–जलेश्वर सडक खण्डमा इलाका प्रहरी कार्यालय बर्दिबास र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासबाट खटिएको संयुक्त प्रहरी टोलीले औरहीबाट बर्दिबास जाँदै गरेको सवारी साधनलाई शंका लागेर चेक जाँच गर्दा २६ बोतल लागू औषध र स्रोत नखुलेको नगद ७८ हजार ६ सय रुपैयाँ बरामद भएको पाइएको छ।

## सम्पादकीय

# असोजको बाढी र कात्तिकको वर्षाले धान किसान समस्यामा

असोजमा परेको अविरल वर्षापछि रौतहटको बकैया नदी र बागमती नदीले बाँध कटान गरेर पसेको बाढीले धानबालीमा धेरै क्षति पुगेको छ। कृषि ज्ञान केन्द्रका अनुसार असोज १७ देखि १९ गतेसम्म आएको अविरल वर्षाको बाढीले जिल्लामा १७ हजार ६ सय ३८ हेक्टर खेतमा लगाइएको धानबालीमा क्षति पुगेको पाइएको हो। बाढीले १७ हजार ६ सय ३८ हेक्टर खेतको धानबाली, एक हजार ८ सय ४ हेक्टर क्षेत्रफलको उखुबाली, छ सय ८५ हेक्टरको तरकारी, चार सय सात हेक्टरको फलफूलबाली र पाँच सय हेक्टर अन्य बालीमा क्षति पुर्‍याएको पाइएको छ।

जिल्लाका १८ वटै पालिकासँग समन्वय गरेर क्षतिको विवरण सङ्कलन गरिएको हो। बाढीले सबैभन्दा बढी राजदेवी, परोहा, राजपुर, माधव नारायण, गढीमाई, इशनाथ, मौलापुर नगरपालिका र दुर्गाभगवती गाउँपालिकालगायतमा क्षति पुर्‍याएको छ। क्षतिको विवरण जिल्ला प्रशासन कार्यालयलाई बुझाइसकेको र राहतका लागि कुरा भइरहेको छ। जिल्लाको करिब ५१ हजार हेक्टर धानखेतीयोग्य जमिनमध्ये ३८ हजार ५ सय हेक्टरमा धानबाली लगाइएकामा बाढीले एक हजार ६ सय ३८ हेक्टर खेतको धानबालीमा क्षति पुर्‍याएको हो। ७४ हजार मेट्रिक टन धान उत्पादन घट्ने अनुमान छ। असोजको बाढीसँगै कात्तिकमा परेको वर्षाले पनि किसान थप मारमा परेका छन्। अब किसानले पाउनुपर्ने राहत रकम चाँडो पाउनु पर्ने विषय उठान भएको छ। रौतहटका करिब साढे चार सय घरपरिवार विस्थापित भएका छन्। भित्र्याउने बेलाको धान वर्षाले भिजाएपछि किसान चिन्तित त छन् नै।

# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि र अबको बाटो

**नवराज ढकाल**

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरुलाई प्रवर्द्र्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने घरपरिवारको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जामाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कात्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्र्धन केन्द्रको स्थापना भएको हो। वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ को सातौँ संशोधनबाट केन्द्रको काम, कर्तव्य र अधिकारमा तीनवटा कार्य क्षेत्र थप भएका छन्।

यसअन्तर्गत नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त स्रोतसाधनका आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरु प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने, नवीकरणीय ऊर्जासम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा ऊर्जा हाल ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको यस केन्द्रले स्थापनाकालदेखि नै यस क्षेत्रमा सरकारको प्रमुख निकायका रुपमा नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरुको सहयोग तथा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संस्थासँगको सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै स्वच्छ ऊर्जामा सर्वसाधारण जनताको पहुँच बढाउन र ऊर्जा दक्षताको अवलम्बन गर्न आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्दै आइरहेको छ।

केन्द्रको स्थापनाकालदेखि आव २०८१–८२ को अन्त्यसम्मको भौतिक प्रगति विवरणलाई हेर्दा केन्द्रको सहयोगमा ४० हजार ६५५ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, १० लाख ७८९ घरेलु सौर्य विद्युत् प्रणाली, चार हजार ५४० संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ४७५ किलोवाट पिक सौर्य मिनिग्रिड, सौर्य वायु मिनिग्रिड जडान, ३० हजार ९३९ किलोवाट पिक सौर्य रुफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, चार हजार २८० सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ५६ हजार ५३१ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ८२ हजार ४८५ विद्युतीय चुलो, चार लाख ५६ हजार ७६६ घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३७८ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, १७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक बत्ती र चार हजार ८६५ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान सम्पन्न भएका छन्। आव २०८१–८२ मा मात्र केन्द्रको सहयोगमा ४०२ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, चार हजार १४२ घरेलु सौर्य प्रणाली, ३७८ किलोवाट पिक सौर्य मिनीगिड आयोजना, १२ हजार ६८६ सौर्य रुफटप प्रणाली, १०७ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान, ५८९ सौर्य खानेपानी तथा सिँचाइ परियोजना, २०८ संस्थागत सौर्य विद्युत् प्रणाली, २३ हजार १०० विद्युतीय चुलो, २४ हजार ३२० फलामे सुधारिएको चुलो, चार हजार ३८६ घराायसी बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका बायोग्यास परियोजना सम्पन्न भएका छन्।

यसैगरी नवीकरणीय ऊर्जा प्रविधिका प्रवर्द्र्धनमार्फत एक लाख २६ हजार ९१४ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारमार्फत छ लाख ६० हजार अमेरिकी डलर (करिब नौ करोड २४ लाख) आम्दानी भएको छ। स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिक टन कार्बन उत्सर्जन घटाई कार्बन व्यापार मार्फत करीब ३६.०११ मिलियन अमेरिकी डलर (करीब पाँच अर्ब चार करोड) आम्दानी भइसकेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित भएको छ। साथै, नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा विकास, प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरुलगायतका क्रियाकलापहरु समेत गत आर्थिक वर्षमा सम्पन्न भएका छन्।

हरित जलवायु कोषको सहयोगमा तराईका २२ जिल्लाका १५० स्थानीय तहमा खाना पकाउने स्वच्छ ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन भइरहेको छ, यसअन्तर्गत पाँच वर्षभित्र पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यास प्लान्ट जडान गर्ने लक्ष्य रहेको छ जसबाट १० लाख घरधुरी लाभान्वित हुने छन्।

त्यसैगरी हरित जलवायु कोषसम्बन्धी क्षमता विकास र तयारी (रेडिनेस) कार्यक्रम कार्यान्वयनअन्तर्गत सम्बन्धित सरोकारवालाहरुलाई लक्षित गरी तयार गरिएको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सम्पन्न गरिएको छ।

केन्द्रले हालसम्म देशको समग्रमा करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुर्‍याएको छ। कुल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ। विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ। नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरु क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ। केन्द्रले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम, दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (अफग्रिड कम्पोनेन्ट) कार्यक्रम, ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम, मिनिग्रिड ऊर्जा पहुँच कार्यक्रम, ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवद्र्धन कार्यक्रम, आर्थिक विकासका लागि सौर्य ऊर्जा प्रवद्र्धन कार्यक्रम, लघु जलविद्युत् कर्जा कोष, बायोग्यास कर्जा कोषजस्ता कार्यक्रमहरुमा विकास साझेदारहरुसँग सहकार्य गरी सबैलाई आधुनिक ऊर्जाको पहुँच, विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणाली तथा ऊर्जा दक्षता अवलम्बनमार्फत ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो र उत्थानशील बनाउनाका साथै नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी देशको समग्र ऊर्जा रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

केन्द्रअन्तर्गत रहेको केन्द्रीय नवीकरणीय ऊर्जा कोषले केन्द्रको वित्तीय संयन्त्रका रुपमा मिश्रित वित्तको सिद्धान्तमा आधारित रही अनुदान, भायबिलिटी ग्याप फन्डिङ र कर्जा प्रवाह गर्दै आइरहेको छ। कोषअन्तर्गत रहेको दिगो ऊर्जा च्यालेञ्ज फन्डले नवीनतम वित्तीय संयन्त्रका रुपमा निजी क्षेत्रद्वारा विकास गरिने दिगो ऊर्जा परियोजनाहरुमा भायबिलिटी ग्याप फन्डिङ र प्राविधिक सहायता प्रदान गर्दै आएको छ। दिगो ऊर्जा च्यालेञ्ज फन्डअन्तर्गतका परियोजनाहरुमा बेलायत सरकारले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममार्फत सहयोग पुर्‍याउँदै आइरहेकामा पछिल्लो समयमा जर्मन विकास सहयोग र युरोपियन युनियनको सहयोगमा जिआइजेडद्वारा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम र केएफडब्लुको सहयोगमा सञ्चालित ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवद्र्धन कार्यक्रमले समेत सहयोग प्रदान गर्दै आएकाले यस क्षेत्रलाई थप विस्तार गर्न सघाउ पुगेको छ।

नेपालमा वार्षिक सोलार रेडिएसन प्रतिवर्गमिटर एक हजार ६०० देखि दुई हजार किलोवाट घण्टा रहेको छ। देशको अधिकांश ऊर्जा खपत तापीय ऊर्जा (काठ दाउरा, कोइला, एलपिजी, आयातित इन्धन) मा आधारित छ, जसको प्रयोगले कार्बन उत्सर्जन वृद्धि भई वातावरणीय प्रदूषण निम्त्याइरहेको छ। नेपालको कूल ऊर्जा उपभोगमा ५० प्रतिशत हिस्सा तापीय ऊर्जा रहेको पाइन्छ। सौर्य तापीय ऊर्जा प्रणाली सूर्यबाट प्राप्त तापमा आधारित छ, जसको प्रयोग घराायसी, व्यावसायिक र औद्योगिक स्तरमा गर्न सकिन्छ र यसबाट विद्युत् एवं खनिज इन्धनमाथिको निर्भरतालाई कम गर्न सकिन्छ। सन् २०४५ सम्म खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत तथा खनिज इन्धनमा आधारित तापीय ऊर्जालाई नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ। यसै तथ्यलाई मनन गर्दै यस केन्द्र र इसिमोडको संयुक्त पहलमा "सौर्य तापीय मार्गचित्र तथा कार्यान्वयन योजना, २०८२ तयार गरिएको छ। यस मार्गचित्रको मुख्य उद्देश्य घरायसी, व्यावसायिक तथा औद्योगिक प्रयोगजनको लागि सौर्य तापीय ऊर्जाको प्रयोगमा वृद्धि गर्नु रहेको छ। मार्गचित्रले सन् २०४५ सम्ममा घरायसी प्रयोगको लागि एक हजार ३५४ मेगावाट र औद्योगिक उपयोगको लागि २९ मेगावाट बराबरको थर्मल प्लान्ट स्थापना गर्ने लक्ष्य लिएको छ।

हाल ९९ प्रतिशत विद्युतीकरण भएको परिप्रेक्ष्यमा पनि पूर्ण विद्युतीकरणका लागि लघु तथा साना जलविद्युत र सौर्य ऊर्जाको विस्तार गर्न, राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा रहेका लघु तथा साना जलविद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न, विपद्बाट क्षति भएका आयोजनाको पुनर्निर्माण र पुनस्र्थापना गर्न, ऊर्जा सम्मिश्रणका लागि सौर्य तथा वायु ऊर्जालगायतका नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्न तथा घरायसी र औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताका कार्यक्रम विस्तार गर्न अति आवश्यक देखिन्छ। रासस

# जनार्दनको अडान र एकताको अपरिहार्यता



**केशव भुल**

नेपालको राजनीतिक इतिहासमा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र अरु केही साना दलबीचको सम्भावित एकताले एकपटक फेरि कम्युनिष्ट आन्दोलनको भविष्यबारे गम्भीर बहस सिर्जना गरेको छ। यो केवल केही पार्टीबीचको सांगठनिक एकीकरण मात्र नभई, नेपालको कम्युनिष्ट आन्दोलनले दशकौंदेखि भोग्दै आएको विभाजन र एकताको चक्रव्यूह, वैचारिक मतभेद, नेतृत्वको टकराव र जनयुद्धको विरासतलाई कसरी सम्बोधन गरिन्छ भन्ने गम्भीर प्रश्नसँग जोडिएको छ।

यस सन्दर्भमा, १० वर्षे जनयुद्धका एक कमाण्डर तथा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा 'प्रभाकर'ले एकताको विपक्षमा लिएको अडानले यो बहसलाई थप पेचिलो बनाएको छ। उनको यो अडानको अन्तर्य केलाउनु र समग्र कम्युनिष्ट एकताको औचित्य तथा यसका चुनौतीमाथि विस्तृत विवेचना गर्नु आजको आवश्यकता हो।

नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास विभाजन र एकताको निरन्तर प्रक्रियाले भरिएको छ। २००६ सालमा स्थापना भएयता वैचारिक भिन्नता, कार्यदिशाको अस्पष्टता, नेतृत्वको टकराव र बाह्य प्रभावले गर्दा कम्युनिष्ट पार्टी अनेकौं टुक्रामा विभाजित हुँदै आएका छन्। कहिले वर्ग संघर्षको कार्यदिशा त कहिले बहुदलीय जनवादको सैद्धान्तिक बहस, कहिले राजतन्त्रको अन्त्यको माग त कहिले गणतन्त्र स्थापनाको लक्ष्यले कम्युनिष्ट पार्टीलाई फरक ध्रुवमा उभ्यायो।

माओवादी जनयुद्धले नेपाली कम्युनिष्ट आन्दोलनमा एउटा नयाँ मोड ल्यायो, जसले परम्परागत कम्युनिष्ट शक्तिलाई चुनौती दियो र राज्यसत्ताको चरित्रमाथि गम्भीर प्रश्न खडा गर्‍यो। जनयुद्धको अन्त्य र शान्ति प्रक्रियाको सुरूवातसँगै कम्युनिष्ट शक्तिबीच सहकार्य र एकताका प्रयास भए। २०७५ सालमा तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको ऐतिहासिक एकताले नेपालको कम्युनिष्ट आन्दोलनलाई एउटै विशाल पार्टीको रूपमा स्थापित गरेको थियो, जसले आम निर्वाचनमा दुई तिहाइको हाराहारीमा जनमत प्राप्त गरी शक्तिशाली सरकार निर्माण गरेको थियो।

यो एकता केवल पार्टी एकीकरण मात्र नभएर, जनयुद्धले परिकल्पना गरेको समाजवादको यात्रालाई अगाडि बढाउने एउटा महत्वपूर्ण कडी बनोस् भन्ने आम जनचाहना छ।

तर, त्यो एकता करिब तीन वर्ष पनि टिक्न सकेन र आन्तरिक शक्ति संघर्ष, वैचारिक मतभेद तथा सर्वोच्च अदालतको फैसलाका कारण पुनः विभाजन भयो, जसको परिणामस्वरूप नेकपा (एकीकृत समाजवादी)को जन्म भयो। यो घटनाले कम्युनिष्ट एकताको दिगोपना र यसका अन्तर्निहित चुनौतीलाई छर्लङ्ग पारेको छ।

अहिले फेरि माओवादी केन्द्र, एकीकृत समाजवादी र केहि साना दलबीच एकताको प्रयास भइरहँदा, जनयुद्धका एक महत्त्वपूर्ण कमाण्डर जनार्दन शर्मा 'प्रभाकर' को अडानलाई गम्भीरतापूर्वक विश्लेषण गर्नुपर्ने हुन्छ। युद्धकालमा जनमुक्ति सेनाको प्रभावशाली कमाण्ड सम्हालेका शर्माले पार्टी र सरकारमा पनि विभिन्न महत्वपूर्ण जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेका छन्। उनले जनयुद्धका आदर्श र माओवादी आन्दोलनका उपलब्धिलाई जोगाउने विषयमा निरन्तर वकालत गर्दै आएका छन्।

एकताको विपक्षमा उनको अडानलाई विभिन्न कोणबाट हेर्न सकिन्छ। पहिलो, जनयुद्धको विरासत र वैचारिक शुद्धताको प्रश्न। शर्मालाई लाग्न सक्छ कि विगतमा भएका एकताका प्रयासले जनयुद्धको मर्म र समाजवादको लक्ष्यलाई सही ढंगले आत्मसात् गर्न सकेनन्, जसले गर्दा जनयुद्धका उपलब्धिलाई कमजोर बनायो। त्यसैले, नयाँ एकताको पहल गर्दा जनयुद्धको मूल्यमान्यता र वैचारिक दिशालाई कसरी सुरक्षित राखिन्छ भन्नेमा उनको गहिरो चासो हुन सक्छ।

दोस्रो, पार्टीभित्रको शक्ति सन्तुलन र नेतृत्वको प्रश्न। हरेक एकताले पार्टीभित्रको आन्तरिक शक्ति समीकरणमा परिवर्तन ल्याउँछ। शर्मालाई लाग्न सक्छ कि यो एकताले उनको राजनीतिक स्पेस वा उनको समूहको भूमिकालाई कमजोर पार्न सक्छ। नेतृत्वको बाँडफाँट, संगठनात्मक संरचना र भावी कार्यदिशामा उनको फरक मत वा सरोकार हुन सक्छ।

तेस्रो, विगतका अनुभवबाट सिकाइ। २०७५ सालको एकताको असफलताले शर्मालाई हतारमा गरिने एकता दिगो हुँदैन भन्ने पाठ सिकाएको हुन सक्छ। उनी पर्याप्त गृहकार्य, वैचारिक स्पष्टता र सहमतिबिना गरिने एकताको विपक्षमा हुन सक्छन्। चौथो, रणनीतिक भिन्नता। वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिमा कम्युनिष्ट आन्दोलनको भूमिका, कार्यदिशा र रणनीतिबारे उनको फरक दृष्टिकोण हुन सक्छ। उनलाई अहिलेको प्राथमिकता एकताभन्दा संगठन सुदृढीकरण वा अन्य कुनै रणनीतिक कदम हुन सक्छ भन्ने लागेको हुन सक्छ।

यो गम्भीर परिस्थितिमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र समग्र माओवादी केन्द्रको भूमिका अत्यन्त महत्वपूर्ण छ। प्रचण्ड, जसले जनयुद्धको नेतृत्व गरे र शान्ति प्रक्रियामार्फत मुलुकलाई नयाँ दिशा दिए, उनैले कम्युनिष्ट एकताको निरन्तर पहल गर्दै आएका छन्। यसपटक पनि उनी एकताको पक्षमा उभिएका छन्। जनार्दन शर्माजस्ता जनयुद्धका प्रभावशाली कमाण्डरलाई एकता प्रक्रियाबाट बाहिर जान नदिन प्रचण्ड र पार्टी नेतृत्वले विशेष पहल गर्नुपर्छ। यसका लागि, पहिलो र महत्वपूर्ण कदम भनेको खुला संवाद र छलफल हो।

नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र अन्य केहि साना दलबीचको प्रस्तावित एकता नेपालको कम्युनिष्ट आन्दोलनका लागि एउटा महत्वपूर्ण र निर्णायक मोड हो। यो एकताले नेपालमा कम्युनिष्ट शक्तिलाई एकताबद्ध गरी राजनीतिक स्थिरता कायम गर्न, जनमुखी शासन सञ्चालन गर्न र समाजवादको आधार तयार पार्न मद्दत गर्न सक्छ।

शर्माका सबै सरोकारलाई धैर्यपूर्वक सुन्नुपर्छ र उनका वैचारिक, सांगठनिक वा रणनीतिक प्रश्नको इमानदार जवाफ दिनुपर्छ। विश्वासको वातावरण निर्माण गर्नका लागि पारदर्शी संवाद अपरिहार्य छ। दोस्रो, विगतका अनुभवबाट आत्मसमीक्षा गर्नुपर्छ। २०७५ को एकता किन सफल हुन सकेन भन्नेबारेमा गहन विश्लेषण गरी त्यसका कमजोरी नदोहोरिने सुनिश्चितताका लागि स्पष्ट खाका प्रस्तुत गर्नुपर्छ।

तेस्रो, एकताको वैचारिक आधारलाई स्पष्ट पार्नुपर्छ। एकीकृत पार्टीको भावी कार्यदिशा, सिद्धान्त र रणनीति के हुनेछ भन्नेबारे स्पष्ट दस्तावेज तयार गरी सबै नेता कार्यकर्तालाई बुझाउनुपर्छ। जनयुद्धका उपलब्धि, गणतन्त्र र समाजवादको लक्ष्यलाई कसरी अगाडि बढाइन्छ भन्नेमा सुनिश्चितता दिलाउनुपर्छ।

चौथो, एकीकृत पार्टीमा नेतृत्व र जिम्मेवारीको बाँडफाँटलाई न्यायोचित र पारदर्शी बनाउनुपर्छ। जनार्दन शर्मा जस्ता नेताको उचित कदर र भूमिका सुनिश्चित गर्नुपर्छ।

पाँचौं, एकताको विषयलाई पार्टीको केन्द्रीय कमिटी वा अन्य उपयुक्त संरचनामार्फत सामूहिक निर्णय प्रक्रियाबाट टुंग्याउनुपर्छ, ताकि कसैलाई पनि निर्णय लादिएको महसुस नहोस्। अन्ततः, एकताको अपरिहार्यता र यसले मुलुकको राजनीतिमा तथा कम्युनिष्ट आन्दोलनमा पार्ने सकारात्मक प्रभावबारे स्पष्ट भविष्यको मार्गचित्र प्रस्तुत गर्न सक्नुपर्छ।

जसरी प्रचण्ड र माओवादी केन्द्रको एकताका लागि पहल गर्ने जिम्मेवारी छ, त्यसरी नै जनार्दन शर्माको पनि यो गम्भीर परिस्थितिमा बृहत्तर कम्युनिष्ट एकताका लागि महत्त्वपूर्ण जिम्मेवारी छ। उनले व्यक्तिगत, समूहगत वा तात्कालिक लाभभन्दा माथि उठेर दीर्घकालीन सोच राख्नुपर्छ। पहिलो, कम्युनिष्ट आन्दोलनको सफलताका लागि एकता अपरिहार्य छ।

नेपालमा जनयुद्ध र विभिन्न आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न, जनमुखी शासन सञ्चालन गर्न र समाजवादको दिशामा अगाडि बढ्नका लागि कम्युनिष्ट शक्तिको एकता अनिवार्य शर्त हो। खण्डित कम्युनिष्ट शक्तिले देश र जनताको हितमा प्रभावकारी काम गर्न सक्दैनन्। दोस्रो, जनभावनाको कदर। नेपाली जनताले पटकपटक कम्युनिष्ट पार्टीलाई आफ्नो मत दिएर सत्तामा पुर्‍याइँउङ्कँ छन्, तर कम्युनिष्ट पार्टीबीचको विभाजनले जनताको आशामाथि निराशा थप्दै आएको छ।

जनार्दन शर्माले जनभावनाको कदर गर्दै एकताको पक्षमा उभिनु उनको राजनीतिक धर्म हो। तेस्रो, व्यक्तिगत लाभभन्दा माथि उठ्ने आवश्यकता। कुनै पनि नेताले व्यक्तिगत महत्वाकांक्षा वा पदीय लाभका लागि एकता प्रक्रियालाई अवरुद्ध गर्नु हुँदैन। इतिहासले यस्ता कदमलाई सकारात्मक रूपमा लिँदैन। जनार्दन शर्माले आफ्नो विगतको योगदानलाई थप सार्थक बनाउन र भविष्यमा पनि प्रभावकारी भूमिका निर्वाह गर्नका लागि एकताको अपरिहार्यतालाई बुझ्नुपर्छ।

हरेक एकताले पार्टीभित्रको आन्तरिक शक्ति समीकरणमा परिवर्तन ल्याउँछ। शर्मालाई लाग्न सक्छ कि यो एकताले उनको राजनीतिक स्पेस वा उनको समूहको भूमिकालाई कमजोर पार्न सक्छ। नेतृत्वको बाँडफाँट, संगठनात्मक संरचना र भावी कार्यदिशामा उनको फरक मत वा सरोकार हुन सक्छ।

चौथो, जनयुद्धका आदर्शको रक्षा। जनयुद्धले परिकल्पना गरेको समानता, न्याय र समृद्ध समाज निर्माणका लागि कम्युनिष्ट शक्तिको एकता आवश्यक छ। विभाजनले जनयुद्धका आदर्शलाई कमजोर बनाउँछ। जनार्दन शर्माले जनयुद्धका कमाण्डरका रूपमा ती आदर्शको रक्षाका लागि एकतालाई समर्थन गर्नुपर्छ। पाँचौं, गम्भीर आत्मसमीक्षा। उनले आफ्नो अडानमाथि गम्भीर आत्मसमीक्षा गर्नुपर्छ।

पार्टीभित्र आफ्ना जायज सरोकार राख्ने र छलफल गर्ने अधिकार छ, तर पार्टीले सामूहिक रूपमा लिएको निर्णयलाई मान्नुपर्ने संगठनात्मक सिद्धान्तलाई पनि बिर्सनु हुँदैन। उनले अहिलेको अवस्थामा एकताबाट बाहिर रहँदा उनलाई वा कम्युनिष्ट आन्दोलनलाई के फाइदा हुन्छ भन्ने प्रश्नको इमानदार जवाफ खोज्नुपर्छ।

अन्ततः, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र अन्य केहि साना दलबीचको प्रस्तावित एकता नेपालको कम्युनिष्ट आन्दोलनका लागि एउटा महत्वपूर्ण र निर्णायक मोड हो। यो एकताले नेपालमा कम्युनिष्ट शक्तिलाई एकताबद्ध गरी राजनीतिक स्थिरता कायम गर्न, जनमुखी शासन सञ्चालन गर्न र समाजवादको आधार तयार पार्न मद्दत गर्न सक्छ। यस प्रक्रियामा जनार्दन शर्मा जस्ता प्रभावशाली र अनुभवी नेताको अडानलाई सम्मान गर्दै उनका सरोकारलाई सम्बोधन गर्नुपर्छ।

प्रचण्ड नेतृत्वको माओवादी केन्द्रले शर्मालाई एकता प्रक्रियामा जोड्नका लागि हरसम्भव प्रयास गर्नुपर्छ। वैचारिक स्पष्टता, न्यायोचित जिम्मेवारी बाँडफाँड र विगतका गल्तीबाट सिक्ने प्रतिबद्धताका साथ अगाडि बढ्नुपर्छ। त्यसैगरी, जनार्दन शर्माले पनि बृहत्तर कम्युनिष्ट आन्दोलनको हित र जनभावनाको कदर गर्दै व्यक्तिगत अडानभन्दा माथि उठेर एकताको पक्षमा उभिनु आजको आवश्यकता हो।

यदि जनार्दन शर्मा जस्ता नेता एकता प्रक्रियाबाट बाहिर रहे भने त्यसले न त माओवादी आन्दोलनलाई नै सफल बनाउँछ, न त जनार्दन शर्मालाई व्यक्तिगत रूपमा नै सफल बनाउँछ। यो एउटा गम्भीर मोड हो जहाँ सबैले दूरदर्शिता, त्याग र समर्पणका साथ काम गर्नुपर्छ ताकि कम्युनिष्ट आन्दोलनले नयाँ ऊर्जा प्राप्त गरोस्, देशमा राजनीतिक स्थायित्व कायम गरोस् र जनताको समृद्धिको आकांक्षालाई पूरा गर्न सकोस्। यो एकता केवल पार्टी एकीकरण मात्र नभएर, जनयुद्धले परिकल्पना गरेको समाजवादको यात्रालाई अगाडि बढाउने एउटा महत्वपूर्ण कडी बनोस् भन्ने आम जनचाहना छ।

*विद्युत् पहुँच पुग्न बाँकी भौगोलिक क्षेत्र तथा घरधुरीहरुमा विद्युत् पहुँच पुर्‍याउन मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र केन्द्रले पूर्ण विद्युतीकरणका लागि एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ। यसअन्तर्गत विद्युत् पहुँच पुग्न बाँकी धरधुरीमा विद्युत् पहुँच पुर्‍याउन नेपाल विद्युत् प्राधिकरण र केन्द्रले क्षेत्रगत जिम्मेवारीसहित तयार गरिएको संयुक्त कार्ययोजनाबमोजिम कार्य अघि बढिरहेको छ। सम्बन्धित पालिका र नेपाल विद्युत् प्राधिकरणको विद्युत पहुँच तथ्याङ्कबीच सामाञ्जस्यता बनाउन विद्युत् पहुँच पुग्न बाँकी घरधुरीहरुको विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ। केन्द्रले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको एउटा विशिष्ट अङ्गका रुपमा सेवा पुर्‍याउने र विद्युतीय ऊर्जाको खपत वृद्धि गरी स्वच्छ ऊर्जा रुपान्तरणको क्षेत्रमा विशेष ध्यान पुर्‍याई आयातित खनिज ऊर्जाको विस्थापन गर्ने, वैदेशिक मुद्रा सञ्चित गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ।*

*नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी क्रियाकलापहरु सरकारको प्राथमिकतामा पर्नु, आवधिक योजनाहरुमा कुल ऊर्जा सम्मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा वृद्धि गर्ने लक्ष्य लिइनु, विश्वव्यापी जलवायु सङ्कट न्यूनीकरणका लागि विकास साझेदारहरुले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा गरिने सहयोगलाई निरन्तरता दिनु यस क्षेत्रका अवसरका रुपमा रहेका छन्। स्वदेशमा नै रोजगारी सृजना गर्ने, युवाहरुलाई विदेशिनबाट रोक्ने कार्यमा स्थानीय प्रविधि बायोग्यास, लघु तथा साना जलविद्युत् उद्यमी, सुधारिएको चुलो निर्माण गर्ने, सौर्य ऊर्जाका काम गर्ने विभिन्न तहका प्राविधिक, साना लगानीकर्ता संरक्षण र प्रवद्र्धनको लागि यस क्षेत्रमा नयाँ कार्यक्रमहरु तथा थप बजेटको व्यवस्था गर्नु आवश्यक देखिन्छ। त्यसैगरी नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सङ्घीय संसदबाट स्वीकृत गरी ऐनको रुप दिने कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता रहेको छ।*

*त्यसैगरी विभिन्न विकास साझेदारको सहयोगमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको प्रतिबद्धता अनुरुपको समपुरक कोष उपलब्ध हुनुपर्ने, पूर्ण विद्युतीकरण, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको विस्तार, पुराना तथा विपद्बाट क्षति भएका लघु तथा साना जलविद्युत्, सौर्य मिनीग्रिडलगायतका आयोजनाको पुनःस्थापना र राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न बजेट व्यवस्थापन गर्नुपर्ने जस्ता कार्यहरुलाई प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक रहेको छ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवद्र्धनको माध्यमबाट केन्द्रलाई आगामी दिनमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको विशिष्टता केन्द्रको रुपमा विकास गर्ने कार्यमा केन्द्रको प्रतिबद्धता रही आएको छ।*

## कांग्रेस केन्द्रीय समिति बैठकः

# महामन्त्री र सहमहामन्त्रीको महाधिवेशनबारे फरक प्रस्ताव

**ललितपुर।**
नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा महामन्त्री र सहमहामन्त्रीद्वारा महाधिवेशनका दुई फरक प्रस्ताव पेस भएको सहमहामन्त्री बद्री पाण्डेले जानकारी गराएका छन् ।

‘महाधिवेशन कार्यतालिका सहमति निर्माण हुन सकेन, महाधिवेशनका विषयमा पार्टीमा दुई खालका मतलाई एउटै हुनेगरी साझा धारणा हुन सकेको छैन, पुस १६ गतेदेखि १७ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने महामन्त्री गगन थापाको प्रस्ताव आएको छ, वैशाख २७ गतेदेखि ३० गतेसम्म गरौँ भन्ने सहमहामन्त्री महेन्द्र यादवको अर्को प्रस्ताव आएको छ, एउटै बनाउने प्रयास जारी छ, पुस १६ मा हुने भयो भने तीव्र तयारी आवश्यक छ,’ सहमहामन्त्री पाण्डेले भने।



बैठकमा महामन्त्री गगनकुमार थापाले गरेको प्रस्तावअनुसार मङ्सिर २७ गते वडा अधिवेशन, पुस ५ र ६ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र पुस १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्नेगरी कार्यतालिका पेस भएको छ।

यस्तै सहमहामन्त्री महेन्द्र यादवले पेस गरेको कार्यतालिकाअनुसार २०८२ चैत १ गते वडा अधिवेशन, चैत ५ गते पालिका अधिवेशन, चैत १२ गते प्रदेश क्षेत्रीय अधिवेशन, चैत २० गते सङ्घीय प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, चैत ३० गते जिल्ला अधिवेशन, २०८३ वैशाख १५ गते सात प्रदेश अधिवेशन र २०८३ वैशाख २७ देखि ३० गतेसम्म १५ औं केन्द्रीय महाधिवेशनको प्रस्ताव भएको पाण्डेले जानकारी दिए।

सहमहामन्त्री पाण्डेले विशेष महाधिवेशन पक्षधरहरूको मागलाई सम्बोधन गर्न पनि पुसमा महाधिवेशन आवश्यक छ भन्ने धारणा राख्दै नियमित महाधिवेशनमा जोड दिइरहेको धारणा राखे।

अर्का सहमहामन्त्री किशोरसिंह राठौरले देशका सबै निकाय जलेको बेलामा नेपाली कांग्रेस एक ढिक्का भएर अगाडि बढ्छ भन्ने धारणा राखे । उनले आफूलाई निर्वाचन पछाडि महाधिवेशन गर्ने कार्यतालिका नै पारित हुन्छ भन्ने विश्वास रहेको बताए।

केन्द्रीय सदस्य नैनसिंह महरले पार्टीले सबै विचारलाई सम्बोधन गर्दै देशको नेतृत्व गरेर सबै पार्टीलाई विश्वस्त हुनसक्ने वातावरण तयार पार्नुपर्ने बताए।

उनले विधानअनुसार विशेष महाधिवेशन पनि वैधानिक हो भन्दै विधानले व्यवस्था गरेअनुसार लोकतान्त्रिक पद्धति स्वीकार गर्दै पार्टी अगाडि बढ्छ भन्ने धारणा राखे।रासस

# शाक्यको मुद्दामा कारण देखाउ आदेश

**काठमाडौँ ।**
सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई हटाउने निर्णयविरूद्ध दायर भएको रिट निवेदनमा लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको इजलासले मंगलवार कारण देखाउ आदेश जारी गर्दै सात दिनभित्र लिखित जवाफ माग गरेको छ । अदालतले अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयमा यही कात्तिक २१ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

आदेशमा भनिएको छ, ‘रिट निवेदनमा अन्तरिम आदेशसमेत माग भएतर्फ विचार गर्दा, निवेदक र विपक्षी दुवै पक्ष राखी छलफल गरी अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकाले सो प्रयोजनार्थ मिति २०८२–०७–२१ गते छलफलको पेसी तोकी सो पेसीमा उपस्थित हुन विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु ।’

प्राधिकरणका निर्वतमान कार्यकारी निर्देशक शाक्यले सरकारले आफूलाई गैरकानुनी रुपमा पदबाट हटाएको भन्दै आफूलाई पुनर्बहालीको माग सोमबार सर्वोच्चमा रिट निवेदन दायर गरेका थिए ।

अघिल्लो सरकारले चार वर्षको लागि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । वर्तमान सरकारले शाक्यलाई सरुवा गरेका थियो । रासस

# माग सम्बोधनको प्रतिबद्धतापछि ताला खुल्यो

**काठमाडौँ ।**
विभिन्न माग राखी नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा तीन दिनअघि लगाइएको ताला मंगलवार खुलेको छ ।

पार्टीका युवा नेताहरूले १५औँ महाधिवेशनको कार्यतालिका नतोकिएको भन्दै गत आइतबार लगाएको ताला कार्यवाहक सभापति पूर्णबहादुर खड्काले माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएसँगै खुलेको हो ।

नेपाल विद्यार्थी सङ्घका पूर्वकोषाध्यक्ष शिव रिमालले कार्यवाहक सभापतिले आफूहरूका माग कार्यान्वयनका लागि तीन बुँदे प्रतिबद्धता जनाएसँगै ताला खोलिएको जानकारी दिए ।

कार्यवाहक सभापति र आन्दोलनरत पक्षबीच कांग्रेसको चालु केन्द्रीय समितिको बैठकले पार्टीको १५औँ महाधिवेशनको तालिका तोक्ने, विगत चार वर्षभित्र क्रियाशील सदस्यता नवीकरणको प्रगति विवरण सार्वजनिक गरी नेपाली कांग्रेसको वेबसाइटमा राख्ने सहमति भएको छ ।

यस्तै, पार्टीभित्र ४० वर्षमुनिका ४० प्रतिशत युवा सहभागिताको माग सुनिश्चितताका लागि केन्द्रीय समितिको विधानमा परिमार्जन आवश्यक भएकाले त्यसबारे छलफल गरी माग सम्बोधन गर्न लाग्नेबारे सहमति भएको हो ।रासस

# भुसाल पक्राउ

**गोरखा ।**
प्रहरीले निकोलस भुसाललाई पक्राउ गरेको छ ।

उनलाई प्रहरीले सदरमुकामस्थित रानीवन क्षेत्रको सरस्वती आश्रमबाट पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक भरतबहादुर विकले जानकारी दिए ।

भुसाल सोमबार गोरखा आएका र उनलाई विषेश सूचनाका आधारमा पक्राउ गरिएको उनले बताए । सामाजिक सञ्जालमार्फत विवादास्पद अभिव्यक्ति दिएपछि सोधपुछका लागि प्रहरीले उनलाई पक्राउ गरेको हो । भुसाललाई काठमाडौँस्थित अपराध अनुसन्धान महाशाखा पठाउने तयारी भइरहेको प्रहरी नायव उपरीक्षक विकले बताए । रासस

# जोन्छेंको निधनप्रति खड्काद्वारा दुःख व्यक्त

**काठमाडौँ ।**
नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले नेपाली कांग्रेसकी नेतृ एवम् बागमती प्रदेशका पूर्वराज्यमन्त्री रजनी अमान्य जोन्छेंको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

खड्काका तर्फबाट पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले मंगलवार जारी गरेको शोक विज्ञप्तिमा कांग्रेसका महासमिति सदस्य एवम् बागमती प्रदेश सरकारका उद्योग तथा वाणिज्य पूर्वराज्यमन्त्री एवम् शहीद राधेश्याम जोन्छेकी धर्मपत्नी रजनीको निधनप्रति गहिरो दुःख व्यक्त गरेका हुन ।

ललितपुरको पाटनमा विसं २००५ असार २१ गते जन्मिनुभएकी जोन्छेले २०३५ सालमा कांग्रेस नेता राधेश्याम जोन्छेंसँग वैवाहिक बन्धनमा बाँधिनुभएको थियो । स्व जोन्छें शहीद राधेश्याम जोन्छें स्मृति प्रतिष्ठानको अध्यक्षसमेत छन् ।

रजनीको निधनबाट नेपाली कांग्रेसले एक अग्रज र अनुभवी महिला नेत्रीलाई गुमाएको बताएको छ ।रासस

# मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक

**काठमाडौँ ।**
सरकारले भदौ २३ र २४ गते जेन्जी आन्दोलनका क्रममा ज्यान गुमाएका ४५ जनालाई राज्यका तर्फबाट शहीद घोषणा गरेको छ ।

कात्तिक १७ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मंगलवार सो जानकारी दिएका हुन ।

सरकारका सम्बन्धित निकाय, छानबिन समिति र सुरक्षा निकाय एवं सरोकावाला पक्षबाट आएका विवरणको अध्ययन तथा विश्लेषणका आधारमा सरकारले उक्त घोषणा गरेको हो । जेनजी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको थियो । अन्य मृतकका हकमा थप अध्ययन–अनुसन्धान भइरहेको उनले बताए ।

बैठकले स्विट्जरल्यान्डको जेनेभामा आगामी मङ्सिर १ देखि ३ गतेसम्म हुने नेपालको व्यापार नीतिको तेस्रो समीक्षा बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रायका सचिव डा रामप्रसाद घिमिरेलाई स्वीकृति प्रदान गरेको छ । खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्यलाई थाइल्यान्डको बैङ्ककमा हुने उच्चस्तरीय खानेपानी सुरक्षा र अनुकूलनसम्बन्धी सम्मेलनमा आगामी मङ्सिर २२ देखि २६ गतेसम्म सहभागी हुन स्वीकृति दिइएको छ ।

नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री खरेलका अनुसार बैठकले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, तराई मधेस समृद्धि कार्यक्रम र स्थानीय पूर्वाधार कार्यक्रम आयोजना समन्वय इकाइका लागि आर्थिक वर्ष २०८२–८३ मा अधिकृतस्तरका १० अस्थायी दरबन्दी स्वीकृत गरेको छ ।

यसैगरी बैठकले अर्थ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरेको भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत विज्ञापन बोर्डका लागि यस आर्थिक वर्षमा अधिकृतस्तरका आठ अस्थायी दरबन्दी स्वीकृत गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न बैठकले पूर्वस्वीकृति दिएको छ ।

बैठकले दक्षिण कोरियाली नागरिक मिजिन लीलाई गैह्रकानुनी रुपमा नेपाल प्रवेश गरेको मितिदेखि निष्कासन गरेको समयसम्म प्रचलित कानुनअनुसार लाग्ने विलम्ब शुल्क र जरिवानाबापतको रकम मिनाह्रा गरी नेपालबाट प्रस्थान गराउन अनुमति दिएको छ ।

यसैगरी सर्वोच्च अदालतको आदेशबमोजिम पदममाया गुरुङलाई क्षतिपूर्तिबापत छ लाख तीन हजार छ सय रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको छ ।रासस

# ‘चुनावबाटै निकास सम्भव’




**भक्तपुर ।**
देश अहिले चुनाव र संवैधानिक सङ्कटबीचको केन्द्रबिन्दुमा उभिएको तीन राजनीतिक दलका नेताहरुले बताएका छन् ।

रफत सञ्चार क्लब भक्तपुरले मंगलवार आयोजना गरेको अन्तरक्रियामा नेताहरुले अहिलेको जटिल अवस्थालाई निर्वाचनबाट निकास दिन सकिने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का सचिवालय सदस्य डिपी ढकालले देश कता जान्छ भन्ने ठ्याक्कै भन्न सकिने अवस्था नरहेको बताउँदै लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र मात्रै भएकाले यसका लागि सरकारले तोकेको समयमा निर्वाचन गराउनुको विकल्प नभएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले देशलाई अस्थिरताबाट स्थिरतामा लैजान र देशको जटिल अवस्थाबाट स्थायित्वमा लैजान निर्वाचनमा जानु नै उत्तम भएको धारणा राखे ।

पूर्वसामान्य प्रशासन तथा सङ्घीय मामिलामन्त्री एवम् नेकपा (एमाले)का केन्द्रीय सदस्य भगवती न्यौपानेले गणतन्त्र ल्याउन ज्यान दिन अगाडि सर्नेहरुमै अहिले संवेदनशीलता हराएको टिप्पणी गरे । उनले दलहरू आरोप–प्रत्यारोपमा अल्झिएर बस्नुभन्दा निर्वाचनमा गएर निकास निकाल्नुपर्ने बताए ।

कार्यक्रममा रफत सञ्चार क्लबका अध्यक्ष सुशील बन्धु थापाले हालको राजनीतिक अस्थिरता, जेन्जी आन्दोलन र विदेशी हस्तक्षेपका घटनालाई देशभक्तिपूर्ण दृष्टिकोणले मूल्याङ्कन गर्दै निर्वाचनबाट अगाडि गर्नुपर्ने दलहरुको निष्कर्ष रहेको बताए ।रासस

# विशेष महाधिवेशन पक्षधरद्वारा विशेष भेला

**काठमाडौँ ।**
नेपाली कांग्रेसभित्र विशेष महाधिवेशन पक्षधर नेताहरूले मंगलवार काठमाडौँमा छुट्टै भेला आयोजना गरेका छन्् ।

पार्टीभित्र लामो समयदेखि देखिएको असन्तुष्टि, सङ्गठनात्मक निर्णयमा ढिलाइ र १५औँ महाधिवेशनको विषयमा ठोस निर्णय नआएकाले असन्तुष्ट समूहले नयाँबानेश्वरस्थित थापागाउँमा विशेष भेला आयोजना गरेका हुन् ।

भेलामा विशेष महाधिवेशनका पहलकर्तासहित देशभरका महाधिवेशन प्रतिनिधि, केन्द्रीय सदस्य, प्रदेशस्तरका नेताहरू, क्षेत्रीय प्रतिनिधि तथा असन्तुष्ट कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको छ ।

भेलामा नेपाली कांग्रेसका नेता देवराज चालिसेले पार्टी नेतृत्वले लामो समयदेखि सङ्गठनका महत्वपूर्ण निर्णयहरूमा ध्यान नदिएको आरोप लगाउँदै कांग्रेसको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन विशेष महाधिवेशन अपरिहार्य भएको बताए । उनले भने, ‘कांग्रेसको ऐतिहासिक भूमिकालाई सशक्त बनाउन र पार्टीभित्रको असन्तुष्टिलाई समाधान गर्न अब विशेष महाधिवेशनबाहेक अर्को विकल्प छैन ।’ चालिसेका अनुसार केन्द्रीय कार्यसमितिले पछिल्लो बैठकबाट १५औँ महाधिवेशनबारे कुनै ठोस निर्णय गर्न नसकेपछि, विशेष महाधिवेशनको माग गर्दै असोज २९ गते देशभरका दुई हजार ४८८ जना महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर सङ्कलन गरी कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाएको थियो । सो मागपत्रमा पार्टीको वैचारिक दिशानिर्देश, सङ्गठन पुनर्गठन, आन्तरिक लोकतन्त्र र नेतृत्वको जवाफदेहिताको प्रश्न उठाइएको छ । आजको विशेष भेलामा कांग्रेसका नेता गुरुराज घिमिरे, लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन, पूर्वसांसद जगदीशनरसिंह केसीलगायतका नेताहरूले पार्टीभित्रको सुधार र सङ्गठन सुदृढीकरणका लागि तत्काल विशेष महाधिवेशन आह्वान गर्न माग गरेका छन् ।

कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु सिवाकोटी र प्रतिमा गौतमलगायतको सहभागिता रहेको थियो ।

भेलाका वक्ताहरूले हालको पार्टी नेतृत्वले सङ्गठनभित्र देखिएका असन्तुष्टि, गुटबन्दी र निर्णय प्रक्रियामा पारदर्शिताको कमीलाई सम्बोधन गर्न नसकेको आरोप लगाउँदै पार्टीलाई पुनर्जीवित गर्न सबै कार्यकर्तालाई एकजुट हुन आह्वानसमेत गरेका छन् । रासस

# तीन अर्ब ३६ करोड बराबरको कृषिजन्यवस्तु निर्यात

**झापा ।**
प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र क्वारेन्टिन कार्यालय काँकरभिट्टाबाट चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो त्रैमासिकमा तीन अर्ब ३६ करोड ७८ लाख ६० हजार रुपैयाँ बराबरको कृषिजन्य वस्तु निर्यात भएको छ । कार्यालयका सूचना अधिकारी चन्द्रेश्वर ठाकुरका अनुसार निर्यात हुने मुख्य वस्तुहरूमा अलैँची, चिया, प्लाइ तथा भेनियर, अदुवा, अल्लिसोलगायत रहेका छन् । उक्त तीन महिनामा सबैभन्दा धेरै अलैँची एक अर्ब ५१ करोड ८१ लाख रुपैयाँ, चिया ७५ करोड ६६ लाख रुपैयाँ, प्लाइउड २७ करोड ७४ लाख रुपैयाँ, भेनियर २७ करोड २८ लाख रुपैयाँ, अल्लिसो १९ करोड ५९ लाख रुपैयाँ मूल्यबराबरको निर्यात भएको छ ।
त्यसैगरी, कार्यालयको तथ्याङ्कअनुसार अदुवा ११ करोड ९० लाख रुपैयाँ, ताजा तरकारी नौ करोड ४७ लाख रुपैयाँ, जडीबुटी एक करोड २४ लाख रुपैयाँ, मसुरो दाल सात करोड ४१ लाख रुपैयाँ मूल्यबराबरको निर्यात भएको छ । सूचना अधिकारी ठाकुरका अनुसार सोही अवधिमा पूर्वीनाकाबाट एक अर्ब ४५ करोड १३ लाख ६५ हजार रुपैयाँ मूल्यबराबरको कृषिजन्य मालवस्तु आयात भएको छ ।
आयात हुने मुख्य कृषिजन्य वस्तुहरूमा आलु, कोदो, गेडागुडी दलहन, चामल, ताजा तरकारी, ताजा फलफूल, लसुन, मकै, पशु दानालगायत रहेका छन् । क्वारेन्टिन कार्यालयको तथ्याङ्कअनुसार कोदो छ करोड २० लाख रुपैयाँ, चामल चार करोड ९६ लाख, तरकारी तीन करोड छ लाख रुपैयाँ मूल्यबराबरको आयात भएको छ ।
त्यसैगरी, ताजा फलफूल २३ करोड ६७ लाख रुपैयाँ, लसुन १७ करोड ९१ लाख रुपैयाँ, आलु ३० करोड ७७ लाख रुपैयाँ मूल्यबराबरको आयात भएको क्वारेन्टिन कार्यालयले जनाएको छ ।रासस

# बङ्गलादेशका दुग्ध उत्पादक किसान चितवनमा

**चितवन ।**
जिल्लाको दुग्ध उत्पादन, प्रशोधन र बजारीकरणका विषयमा जानकारी लिन बङ्गलादेशका दुग्ध उत्पादक किसानहरू यहाँ आएका छन् । बङ्गलादेशका दुग्ध उत्पादक किसान मनरुप इस्लामका नेतृत्वमा आएको १७ सदस्यीय टोलीले यहाँका दुग्ध उत्पादक सहकारी उद्योग, गाई फार्महरूको अवलोकन गर्नेछ । उनीहरूले सोमबार जिल्लामा भएको दुग्ध उत्पादन र यहाँको अवस्थाका बारेमा जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घसँग छलफल गरेका थिए ।
सङ्घका चितवन अध्यक्ष किशोर बगालेका अनुसार उनीहरूले यहाँ दुध उत्पादनको अवस्था, वितरण प्रणाली, दुग्ध उत्पादक किसानको अवस्थाबारे जानकारी लिएका हुन् ।
उनले भने, 'दुई देशका किसानले कसरी दुध उत्पादन गर्दै आएका छन् र त्यसको बजारीकरण कसरी भइरहेको छ भन्ने विषयमा ज्ञान आदानप्रदान गरियो ।'
अध्यक्ष बगालेले जिल्लामा भएको असल पशुपालन अभ्यास, उन्नत नश्लका गाईहरू ल्याउने क्रमलगायतका विषयमा जानकारी दिनुभएको थियो ।
बङ्गलादेशी टोलीले पनि दुध उत्पादन, प्रशोधन र वितरणका विषयमा भएको प्रगतिका विषयमा जानकारी गराएको थियो । सो टोलीले मंगलवार नवलपरासीमा समेत अध्ययन गरेर बुधबार काठमाडौँ फर्कने कार्यक्रम रहेको छ ।रासस

# नेप्से परिसूचकमा २७ अङ्कको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दशमलव ६४ अङ्कले घटेर दुई हजार ५ सय ९५ दशमलव २४ को विन्दुमा कायम भएको छ । मंगलवार नेप्से परिसूचक एक दशमलव ०५ प्रतिशतले घटेको हो ।
आज ३२२ कम्पनीको एक करोड तीन लाख ४३ हजार ८९८ कित्ता शेयर ४६ हजार ८७५ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ९५ करोड सात लाख ६८ हजार ९३८ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।
आजको कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ६६, विकास बैङ्क एक दशमलव ४७, वित्त दुई दशमलव २१, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् एक दशमलव २१ र लगानी समूह शून्य दशमलव ८७ प्रतिशतले घटेको छ ।
त्यसैगरी जीवन बीमा एक दशमलव ४४, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९१, लघुवित्त शून्य दशमलव ७५, म्युचुअल फन्ड शून्य दशमलव ३१, निर्जीवन बीमा एक दशमलव २१, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ८१ प्रतिशतले घटेको छ । एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको आज सबैभन्दा धेरै २७ करोड ९८ हजार ५९२ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको छ लाख ९९९ कित्ता शेयर किनबेच भएको छ ।रासस

# सुडानको हिंसामा युद्ध अपराधका सङ्केतः आइसिसी

**सुडान ।**
एल–फासर शहरमा भएको अत्याचार युद्ध अपराध र मानवता विरुद्धको अपराध हुन सक्ने सङ्केत पाइएको अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोजनकर्ताको कार्यालयले जनाएको छ ।
आइसिसीका अभियोजकको कार्यालय (ओटीपी) ले सामूहिक हत्या, बलात्कार र अन्य अपराधका बारेमा एल–फासरको रिपोर्टलाई लिएर 'गहिरो चिन्ता' व्यक्त गरेको छ ।सुडानी अर्धसैनिक र्यापिड सपोर्ट फोर्स (आरएसएफ) ले अक्टोबर २६ मा एल–फासरमा १८ महिनाको घेराबन्दी र बमबारीपछि नियन्त्रण जमाएको छ ।
लामो समय युद्ध हुँदा स्थानीयहरूले आफ्नो दैनिक काम गर्न नसक्दा यहाँ चरम भोकमरीको अवस्था आएको छ । सुडानको एल फासर पश्चिमी डार्फर क्षेत्रमा सेनाको नियन्त्रणमा रहेको अन्तिम क्षेत्र मानिन्थ्यो । ओटिपीले एक विज्ञप्तिमा भनेको छ, 'यी अत्याचारहरू हिंसाको व्यापक ढाँचाको हिस्सा हो। युद्धले सन् २०२३ अप्रिलदेखि सम्पूर्ण डार्फर क्षेत्रलाई प्रभावित गरेको छ ।' आइसिसीको पत्रमा भनिएको छ, 'यदि यस्ता कार्यको पुष्टि भयो भने रोम विधान अन्तर्गत युद्ध अपराध र मानवताविरुद्धको अपराध दर्ता हुन सक्छ ।'
संयुक्त राष्ट्रसङ्घले भनेको छ, युद्ध चर्किएपछि पछिल्लो केही दिनमा ६५ हजार भन्दा बढी मानिसहरू एल–फासरबाट विस्थापित बनेका छन् ।एजेन्सी

# बाढीपहिरोबाट पौने १२ अर्ब क्षति

**इलाम ।**
असोज १८ र १९ गतेको अकल्पनीय वर्षापछिको बाढीपहिराले इलाममा ११ अर्ब ८१ करोड रुपैयाँ बढीको क्षति भएको छ ।जिल्लास्थित विभिन्न सडक, पुल, भवन, खानेपानी, सिँचाइ, पशुपन्छी, कृषिजन्य क्षेत्रमा इलाममा ११ अर्ब ८१ करोड ७९ लाख ८५ हजार ७ सय ३ रुपैयाँ बराबरको क्षति भएको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिईन ।
जिल्ला प्रशासन कार्यालयले सडक डिभिजन, पूर्वाधार विकास कार्यालय, नेपाल विद्युत् प्राधिकरण, जलस्रोत तथा सिँचाइ डिभिजनसहित सम्बन्धित ११ वटा विषयगत कार्यालयबाट सङ्कलन गरेको क्षतिको प्रारम्भिक विवरणअनुसार सो परिमाणमा क्षति भएको प्रजिअ नेपालले बताईन ।
बाढीपहिरोबाट सडक डिभिजनअन्तर्गत विभिन्न ११ आयोजनामा पहिरो गई छ अर्ब ९६ करोड ४५ लाख रुपैयाँको क्षति भएको छ ।
पूर्वाधार विकास कार्यालयअन्तर्गत ६२ सडकमा दुई अर्ब ३४ करोड ६५ लाख रुपैयाँ, २५ वटा पुलमा ८५ करोड रुपैयाँ र छवटा भवनमा चार करोड रुपैयाँ बराबरको क्षति भएको छ ।जिल्ला प्रशासनका अनुसार नेपाल विद्युत् प्राधिकरणअन्तर्गत पाँचवटा आयोजनाको एचटी लाइन, एलटी लाइन र ट्रान्सफर्मरमा दुई करोड ४७ लाख ३५ हजार ९५२ रुपैयाँ बराबरको क्षति भएको छ । त्यसैगरी, जलस्रोत तथा सिँचाइ विकास डिभिजनअन्तर्गत १६ नदी नियन्त्रण आयोजनाको १३ करोड ४६ लाख ६१ हजार रुपैयाँ, पाँचवटा पहिरो नियन्त्रण आयोजनाको एक करोड ७४ लाख २२ हजार रुपैयाँ र ७२ सिँचाइ आयोजनामा १७ करोड ७१ लाख ५१ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।
त्यसैगरी, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रअन्तर्गत दुई हजार ५ सय २० वटा पशुपन्छीमा दुई करोड ३५ लाख ७६ हजार रुपैयाँ र दुई सय ४४ वटा गोठ र पोखरीमा एक करोड ९७ लाख ५४ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।
खानेपानी तथा ढल व्यवस्थापन विभाग धनकुटा फिल्ड एकाइ कार्यालयअन्तर्गत २१ वटा खानेपानी आयोजनामा २८ करोड ७५ लाख रुपैयाँ र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भद्रपुर झापाअन्तर्गत २ सय २३ आयोजनामा २८ करोड १ लाख रुपैयाँ बराबरको क्षति भएको प्रजिअ नेपालले जानकारी दिईन । त्यस्तै, कषि ज्ञान केन्द्रअन्तर्गत तीन हजार ४ सय ९ किसानले ८९२ दशमलव ३२ हेक्टर क्षेत्रमा लगाएको खाद्य तथा नगदेबालीमा २७ करोड ४१ लाख ९५ हजार ७ सय ५० रुपैयाँ र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड चिया विस्तार योजनाअन्तर्गत २५ चिया बगानमा चार करोड ७५ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको जनाइएको छ ।
नेपाल टेलिकमअन्तर्गत १० अप्टिकल फाइबर तथा केवलमा पाँच लाख आठ हजार रुपैयाँ र सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना गैंडे झापाअन्तर्गत ३१ वटा आयोजनामा पहिरोबाट ३२ करोड ९० लाख १६ हजार रुपैयाँ बराबरको क्षति भएको छ । क्षतिको विवरण जानकारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाइसकिएको प्रजिअ नेपालले बताईन । 'जिल्लाभित्रका विषयगत कार्यालयबाट सम्बन्धित पालिकाको समन्वय र सहजीकरणमा क्षतिको प्रारम्भिक विवरण सङ्कलन गरिएको छ', प्रजिअ नेपालले भनिन, 'क्षतिको विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाएका छौँ ।'
बाढीपहिरोबाट इलाममा ३९ जनाको ज्यान गएको थियो भने २६ जना घाइते भएका थिए । एक जना अझै बेपत्ता छन् । बाढीपहिरोबाट जिल्लामा सात सय ११ घरपरिवार विस्थापित भएका छन् । यसमध्ये सात सय परिवार आफन्तको घरमा र ११ परिवार सामुदायिक भवनमा बसिरहेको जिल्ला प्रशासनले जनाएको छ । बाढीपहिरोबाट जिल्लाको १० स्थानीय तहमा तीन सय ६५ घर पूर्ण र नौ सय ४० घरमा आंशिक क्षति पुगेको थियो ।रासस

# धर्मशालाबाट आन्तरिक राजस्व कार्यालयको सेवा

**दाङ ।**
आन्तरिक राजस्व कार्यालय तुलसीपुरले त्रिसिद्धेश्वरी मन्दिर तुलसीपुरको धर्मशालाबाट आफ्नो सेवा पुनः सुरुआत गरेको छ ।
धर्मशालाका १३ कोठा भाडामा लिएर कार्यालयबाट प्रवाह गरिने सेवा सुरु गरेको कार्यालयका प्रमुख कर अधिकृत श्रीधर टण्डनले जानकारी दिए । गत भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा कार्यालय भवन तोडफोड तथा आगजनीबाट पूर्ण रुपमा क्षतिग्रस्त भएपछि धर्मशालाका कोठा भाडामा लिएर सेवा प्रवाह गरेको हो ।
सेवाग्राहीलाई ध्यान दिएर करदाता सेवा र राजस्वसम्बन्धी सम्पूर्ण सेवा सुरु गरेको कार्यालय उनले जानकारी दिए । उनका अनुसार यस आर्थिक वर्षको असार मसान्तसम्मका लागि मासिक ७५ हजार रुपैयाँ भाडा तिर्नेगरी मन्दिरसँग सम्झौता गरी धर्मशालामा कार्यालय स्थापना गरी सोमबारबाट सेवा सुरु गरिएको हो।
सो कार्यालयका दाङ, पूर्वीरुकुम, प्युठान, रोल्पालगायतका जिल्लाका गरी ३५ हजार बढी करदाता रहेका छन् । आन्दोलनका क्रममा कार्यालयका दुईवटा भवन, अफिसर निवास पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् । त्यसैगरी, दुई गाडी, कार्यालयभित्रका सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन् । भवनमा बस्न नमिल्ने भनी प्राविधिक टोलीले सुझाव दिएकाले कार्यालय धर्मशालाबाट सञ्चालन गरिएको छ।
यसअघि गत असोज ७ गतेदेखि सो कार्यालयले तुलसीपुर उद्योग वाणिज्य सङ्घले निःशुल्क रूपमा उपलब्ध गराएको सङ्घको कार्यकक्षबाट आंशिक रूपमा सेवा सञ्चालन गरिए तापनि अहिले भने धर्मशालाका कोठा भाडामा लिएर कार्यालयबाट हुने सबै सेवा प्रवाह गरेको हो । जिल्लामा जेनजी आन्दोलनका क्रममा सरकारी कार्यालयमा क्षति भएका भवनका केही कोठालाई मर्मत गरी ती कोठामा बसेर सेवा प्रवाह गरिरहेका छन् । केही कार्यालयले कार्यालय परिसरमा साना टहरा तथा पाल टाँगिसमेत सेवा प्रवाह गरिरहेका छन् ।रासस




# शिक्षणसँगै व्यावसायिक केराखेती

**महेन्द्रनगर ।**
कञ्चनपुरको पुनर्वास नगरपालिका–१ का विष्णुराज घिमिरे जनकल्याण माध्यमिक विद्यालयका शिक्षक हुन् । तर उनको परिचय शिक्षकमा मात्रै सीमित छैन । उनि हाल व्यावसायिक कृषकको रुपमा पनि परिचित छन । विसं २०७५ देखि केराखेती गरेका घिमिरेले हाल साढे आठ बिघा जमिन भाडामा लिएर केराखेती गरिरहेकाछन ।'वार्षिक पाँच लाख रुपैयाँ भाडा तिर्ने गरी जमिन लिएर केराखेती गरिरहेको छु,' घिमिरेले भने, 'वार्षिक केराखेतीबाट रु १० लाख मुनाफा हुन्छ ।' उनले केराखेतीबाट भएको आम्दानीले प्रत्येक वर्ष क्षेत्र विस्तार गर्नाका साथै छोराछोरीको अध्ययन खर्च जुटाइरहेको बताए । 'केराको मूल्यमा उतारचढाव आउँदा कहिलेकाहीँ समस्या हुन्छ,' उनले भने, 'कञ्चनपुर जिल्ला असारदेखि माघसम्म केरामा आत्मनिर्भर भइसकेको छ ।' उनले बाह्रै महिना केरा उत्पादन गर्न यहाँ सम्भव नभएको बताए ।
केराखेतीबाट वार्षिक २० देखि ३० लाख रुपैयाँसम्मको कारोबार हुने गरेको बताउँदै घिमिरेले केराखेतीमा आफूले १० जनालाई ज्यालादारीमा रोजगारी पनि दिएको जानकारी दिए । 'बिरुवा, केरा गोडमेल गर्न चाहिने कृषि औजारहरू सिँचाइलगायतका विषयमा कृषि ज्ञान केन्द्रबाट हरेक बर्ष सहयोग मिलेकै छ,' गाउँमा रहेको अंशुवर्मा बिजवृद्धि कृषक समूहको अध्यक्षसमेत रहनुभएका घिमिरेले भने 'यहाँको बेलौरी र पुर्नबास क्षेत्रमा उत्पादन भएको केराका लागि बजारको समस्या छैन, धनगढी र अत्तरियामा खपत हुँदैछ ।' उनले गाउँमा कृषि समूहको नेतृत्व गर्दै बीउबिजन उत्पादनमा समेत जोड दिएका छन ।
त्यसैगरी, पुर्नबास नगरपालिका–६ का बिमल भण्डारी कृषि तालिमका सिलसिलामा २०७२ सालमा इजरायल पुगे । साना किसान संस्थामार्फत 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेर एक वर्ष तालिम लिएका भण्डारीले स्वदेश फर्किएपछि एक बिघाबाट केराखेती सुरु गरे । 'केराखेती गरेको सात वर्ष भयो, रोजगारीका लागि विदेशिने कि भन्ने सोच यो खेतीले आउन दिएको छैन,' भण्डारीले भने, 'अहिले छ बिघा खेतीमा लगाएको केरा खेतीबाट वार्षिक १० लाख रुपैयाँभन्दा बढी आम्दानी भएकै छ ।'
कृषि पेसा अङ्गालेर जीविका चलाउँदै आउनुभएका भण्डारीले १२ बिघा खेत भाडामा लिएर खेती गरिरहेका छन । भारतमा केराको उत्पादन बढ्दा त्यसको असर आफूहरुलाई पर्ने गरेको उनको भनाइ छ । उनले भने, 'भारतीय केरा रोक लगाएर स्वदेशी उत्पादनलाई बढावा दिन आग्रह गरिए पनि सुनुवाइ भएन ।'



कृषि ज्ञान केन्द्र कञ्चनपुरका सूचना अधिकृत धर्मबहादुर साउदले यहाँ प्रतिहेक्टर २० मेट्रिकटन केरा उत्पादन हुने जानकारी दिए । 'एक पालिका एक उत्पादनअन्तर्गत भीमदत्त केरा खेतीका लागि छनोट भएको छ,' उनले भने, 'त्यसका लागि ४० लाख रुपैयाँ रकम विनियोजन भएको छ ।'रासस

# ‘ऋषिकेश’ धार्मिक पर्यटकीय गन्तव्य बन्दै



**पाल्पा।**
यहाँको तानसेन नगरपालिका–१४ रिडीस्थित प्रसिद्ध ऋषिकेश मन्दिर धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ। मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासका साथ यहाँ विभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन्।

पाल्पा, गुल्मी र स्याङ्जा जिल्लाको सङ्गमस्थल रुरुक्षेत्र (रिणी)मा रहेको ऋषिकेशलाई भगवान् नारायणको रुप मानिन्छ। पाल्पाका तत्कालीन राजा मणिमुकुन्द सेनले विसं १५७५ मा कालीगण्डकी नदीमा नुहाउने क्रममा भेटिएको शिला अर्थात् मूर्तिलाई कालीगण्डकी र रिडी खोलाको सङ्गम स्थानमा ऋषिकेश मन्दिर निर्माण गरेका हुन्।

पाँच सय वर्ष पुरानो ऋषिकेश मन्दिरमा हरिबोधनी एकादशीको भोलिपल्ट रथयात्रा निकाल्ने परम्परा छ । यस वर्ष पनि ऋषिकेश भगवान्को रथयात्रा निकालिएको छ। देशका विभिन्न स्थानबाट आएका तीर्थयात्री, साधुसन्त र भक्तजनको यहाँ ठूलो उपस्थिति थियो।

मन्दिरमा रथयात्राका दिनमात्रै करिब पाँच हजार भक्तजनले पूजाआजा गरेका छन्। अघिपछि पनि मन्दिरमा भक्तजनको उल्लेख्य उपस्थिति रहने गरेको पुजारी विवेक भट्टराईले बताए । उनका अनुसार ठूलो सङ्ख्यामा आएका भक्तजनले रथलाई रुरु क्षेत्रधामस्थित ऋषिकेश मन्दिर परिसरबाट रिडी बजार, ऋषिकेश क्षेत्र, अर्गली बजार क्षेत्रमा परिक्रमा गराई भगवान्को दर्शन पूजाआजा गरेका थिए।

रुरु क्षेत्रधामलाई ‘नेपालको चारधाम’मध्ये एक मानिन्छ । यहाँको धार्मिक महत्त्व विष्णु भगवानको अवतार ऋषिकेशसँग जोडिएको छ । धार्मिक विश्वासअनुसार रुरु क्षेत्रको रिडीमा स्नान गरी भगवान् ऋषिकेशको दर्शन गरे पापकर्म नाश भई मोक्ष प्राप्ति हुन्छ भन्ने जनविश्वास रहिआएको ऋषिकेश मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पर्शुराम भट्टराईले जानकारी दिए।

यहाँ वर्षभरि तीर्थयात्रीको आगमन हुने गरेको छ । विशेषगरी माघेसङ्क्रान्ति र ऋषिकेश रथयात्राका अवसरमा हजारौँ सङ्ख्यामा भक्तजन जम्मा हुने गर्छन्। हालका वर्षमा रुरु क्षेत्रलाई धार्मिक पर्यटनस्थलका रूपमा विकास गर्न स्थानीय सरकार, धार्मिक गुठी संस्था र विभिन्न सङ्घसंस्थाले पहल गरेका छन्।

मन्दिर पुनःनिर्माण, तीर्थपथ सुधार, खानेपानी र सरसफाइजस्ता आधारभूत संरचना विस्तारसँगै रुरुक्षेत्र अहिले आन्तरिक पर्यटकको आकर्षण बन्दै गएको स्थानीयवासी कमल खनालले बताए। यो रथयात्रा केबल धार्मिक श्रद्धाको प्रतीक मात्र नभई सांस्कृतिक एकताको प्रतीकका रूपमा पनि स्थापित हुँदै गएको स्थानीयवासीको भनाइ छ । ऋषिकेश भगवान्को रथयात्राक लागि तानसेन नगरपालिकाले स्थानीय बिदासमेत दिने गरेको छ।

# उपत्यकामा धूँवा फाल्ने ३७ सवारीसाधन नियन्त्रणमा



**काठमाडौँ।**
काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले उपत्यकामा धूँवा फाल्दै वातावरण फोहर बनाएर गुड्ने सवारीसाधनलाई नियन्त्रणमा लिन थालेको छ।

सोमबार ट्राफिक प्रहरीले जाँचपास नभएका तथा सडकमा अत्यधिक धूँवा फाल्दै गुडिरहेका ३७ वटा सवारीसाधनलाई नियन्त्रणमा लिएर पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरेको हो।

उपत्यकाका विभिन्न स्थानमा गरिएको चेकिङका क्रममा सवारी जाँचपास नभएका तथा अत्यधिक धूँवा फाल्ने भाँडाका बस १६, पिकअप भ्यान १४, स्कुल बस चार, व्यक्तिगत कार दुई र भाडाका कार एक गरी ३७ वटा सवारीसाधनलाई नियन्त्रणमा लिइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए।

उनले भने, ‘अत्यधिक धूँवा फाल्ने र सवारी जाँचपास नभएका गरी ३७ सवारीसाधन नियन्त्रणमा लिइएको छ । नियन्त्रणमा लिएका सवारीसाधनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार अवस्था ठीक नभएको सवारीसाधन चलाउन नहुने कसुरमा कारबाही हुन्छ।’

वायु प्रदूषण नियन्त्रण गर्न र सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न ट्राफिक प्रहरीले पछिल्ला दिनमा कडाइका साथ अनुगमन अभियान सञ्चालन गरिरहेको र सोही क्रममा सोमबार ३७ सवारीसाधन नियन्त्रणमा लिइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए।

उनले भने, ‘अत्यधिक धूँवा फाल्ने सवारीसाधन चलाउँदा वातावरण प्रदूषित हुन्छ, जसको असर सर्वसाधारणको स्वास्थ्यमा पर्छ। त्यस्तै, मर्मत नभएका सवारीसाधन चलाउँदा दुर्घटनाको जोखिम पनि उच्च हुने भएकाले मर्मत गरी दुरुस्त अवस्थामा मात्रै सञ्चालन गर्न सबै चालक र सवारी मालिकलाई मेरो आग्रह छ।’

उनले सवारी चालकलाई सवारीको प्राविधिक अवस्था समयसमयमा परीक्षण गर्न र जाँचपास अवधि समाप्त हुन नदिन आग्रह गरे । सोमबार नियन्त्रणमा लिइएका सवारीसाधनलाई आवश्यक मर्मत कार्य सम्पन्न गरी तोकिएको जरिवाना तिरेपछि मात्रै कागजपत्र फिर्ता दिइने ट्राफिक प्रहरीले जनाएको छ । यसअघि पनि उपत्यका ट्राफिक प्रहरीले धूँवा फाल्ने सवारीसाधन र जाँचपास नभएका गाडीविरुद्ध नियमित रूपमा कारबाही गर्दै आएको छ।

ट्राफिक प्रहरीले पछिल्लो समय वायु प्रदूषण नियन्त्रणलाई प्राथमिकतामा राख्दै, पेट्रोल र डिजेलबाट चल्ने पुराना सवारीसाधनको अवस्था परीक्षण, अनुगमन तथा चालक सचेतना कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ।

साथै, सवारी जाँचपास तथा बिमा नवीकरणका विषयमा चालकलाई जानकारीमूलक अभियान सञ्चालन गरिरहेको छ।

वातावरणविद्का अनुसार उपत्यकामा वायु प्रदूषणका प्रमुख कारण अत्यधिक धूँवा फाल्ने पुराना सवारीसाधन हुन् । यसले खासगरी बालबालिका, वृद्धवृद्धा र दम, रोगीमा स्वास्थ्य समस्या बढाउने गरेको पाइएको छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयले सवारी धूँवा परीक्षणलाई अझ प्रभावकारी बनाउन मोबाइल इमिसन टेस्ट युनिट थप गर्ने तयारी गरेको जनाएको छ।

कार्यालयका अनुसार आगामी दिनमा पनि यस्ता चेकिङ अभियानलाई निरन्तरता दिइनेछ र नियमविपरीत सञ्चालनमा रहेका सवारीसाधन माथि थप कडाइ गरिनेछ। उपत्यकाको ट्राफिक व्यवस्थापनलाई सञ्चालन र सुरक्षित बनाउन ट्राफिक प्रहरीले सर्वसाधारणसँग सहकार्यको पनि आह्वान गरेको छ।
रासस

# अटोरिक्सा सञ्चालनपछि
## नरैनापुरवासीलाई आवागमनमा सहज

**बाँके।**
बाँकेको दुर्गम मानिने नरैनापुर गाउँपालिका क्षेत्रमा अटोरिक्सा सञ्चालनमा आएपछि स्थानीयलाई आवागमनमा सहज भएको छ। छोटो दूरीको यात्राका लागि सवारीसाधन नपाइने समस्याबाट हैरान भएका नरैनापुरवासीलाई अटोरिक्सा सञ्चालनमा आएपछि गन्तव्यसम्म पुग्न सजिलो भएको हो।नरैनापुर–६ गङ्गापुर निवासी सोहनलाल यादवका अनुसार साँझ र बिहान यात्रुवाहक बस जाने–आउने गरे पनि अन्य समयमा आवागमनमा सास्ती व्यहोर्नुपर्ने नरैनापुरवासीको बाध्यता अटोरिक्साले अन्त्य गरेको छ।

नेपालगञ्ज–बघौडा हुलाकी सडक पक्की भएसँगै नरैनापुरमा सञ्चालनमा ल्याइएको अटोरिक्साले स्थानीयवासीलाई सहज बनाएको उनको भनाइ छ। सदरमुकाम नेपालगञ्जबाट नरैनापुर ४४ किलोमिटर टाढा पर्ने नरैनापुरमा यसअघि सवारीसाधनको सास्ती हुँदै आएको थियो । हिजोआज रिक्सा चढेर एक घण्टामा नेपालगञ्ज पुग्न सकिने नरैनापुर–५ जमुनीगाउँकी टीका बूढाथोकीले बताए।

‘रिक्सामा चढेपछि घामपानीले प्रभावित गर्दैन, समयको पनि बचत भएको छ । अहिले सजिलोसँगै गन्तव्यमा पुग्न सकिन्छ’, उनले भने, ‘नरैनापुरमा अटोरिक्सा सञ्चालनमा आएपछि स्थानीयलाई दैनिकी कामका लागि सदरमुकामसम्म पुग्न सहज भएको छ।’

नरैनापुर गाउँपालिकाभित्रका गङ्गापुर, मटेहिया, कालाफाँटा, लक्ष्मणपुर र कटकुइँयाका गाउँबस्तीसम्म आवागमनमा अटोरिक्साले सहज बनाएको छ।

साइकल वा मोटरसाइकलजस्ता निजी सवारीसाधन नहुने सर्वसाधारणलाई गाउँपालिकाभित्रैका एक वडाबाट अर्को वडामा आउनजान अटोरिक्साले सुविधा पुगेको छ।

अटोरिक्सा सञ्चालनमा आएपछि बालबालिका, अशक्त, अपाङ्गता भएका र ज्येष्ठ नागरिक तथा बिरामी प्रत्यक्ष लाभान्वित भएका छन्। महिला, विद्यार्थी, शिक्षक र कर्मचारीले पनि रिक्साको उपयोग गर्दै आएका छन्। एक घण्टा पैदल हिंड्नुपर्ने यात्रा १५–२० मिनेटमा पुगिने बूढाथोकीले जानकारी दिए।

अटोरिक्सा चलाएर नागरिकलाई यातायात सेवा दिनुका साथै गाउँमै राम्रो आम्दानी गर्दै आएको नरैनापुर–१ कटकुइँया निवासी अटोचालक जाकिर अलीले बताए।

चार सिट क्षमताको अटोरिक्साले नरैनापुरको सीमावर्ती क्षेत्र सुइँया बघौडादेखि नेपालगञ्जसम्मको प्रतिव्यक्ति २५० रुपैयाँ र गाउँपालिका केन्द्र नरैनापुरदेखि २०० रुपैयाँ भाडा लिने गरेको उनको भनाइ छ। रासस

# एउटै वडामा पाँच जलविद्युत् आयोजना निर्माण



**म्याग्दी।**
अन्नपूर्ण गाउँपालिका–४ मा पर्ने नारच्याङ भएर बग्ने नदीमा १ सय ६२ मेगावाट क्षमताका पाँच वटा जलविद्युत् आयोजना निर्माण भएका छन्। थप ६३ दशमलव तीन मेगावाट क्षमताको एउटा आयोजना निर्माणाधीन र १ सय ७३ दशमलव १४ मेगावाटका दुई वटा आयोजना निर्माणको प्रक्रियामा छन्।

अन्नपूर्ण–४ का वडाध्यक्ष लोकबहादुर पुनका अनुसार पाँच मेगावाट क्षमताको घलेम्दी खोला, ४२ मेगावाट क्षमताको म्रिस्तीखोला, ३८ मेगावाट क्षमताको नीलगिरि–१, ७१ मेगावाट क्षमताको नीलगिरि–२ र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना निर्माण सञ्चालनमा आइसकेका छन्। नारच्याङको सिमाना भएर बग्ने कालीगण्डकीमा ६६ दशमलव तीन मेगावाट क्षमतामध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माणाधीन छ। नौ दशमलव १४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत् आयोजना निर्माण सुरु गर्ने तयारी गरेको छ । कालीगण्डकी हाइड्रोपावर लिमिटेड प्रवद्र्धक रहेको १ सय ६४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजनाको विद्युतगृह नारच्याङमा बनाउन प्रस्ताव गरिएको वडाध्यक्ष पुनले जानकारी दिए।

निर्माण भएका र निर्माणका क्रममा रहेका जलविद्युत् आयोजनाले नारच्याङको कायापलट भएको छ। भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, कृषिलगायत समग्र विकासमा जलविद्युत् आयोजनाबाट महत्वपूर्ण योगदान भएको वडाध्यक्ष पुनले बताए।

‘हामीले कल्पनासम्म नगरेको अक्करे भिर छिचोलेर गाडी गुडेका मात्र छैनन् घरघरमा रोजगारी र आम्दानीको अवसर सिर्जना भएको छ’, उनले भने, ‘अवसर र रोजगार खोज्दै सहरबजार, पसेका र विदेशिएकाहरु गाउँ फर्किन थालेका छन् । बसाइँसराइ रोकिएको छ।’

गाउँमै प्राविधिक विषयको विद्यालय सञ्चालन, स्वास्थ्य संस्थाको भवन बनेका छन् । जलविद्युत् आयोजनाले निर्माण गरेको सडक, बेलिब्रिज र भवनलगायत पूर्वाधारले स्थानीयवासीलाई सुविधा पुगेको छ। जग्गाको मुआब्जा, व्यापार, कृषि, पशुपालन, होटल, रेष्टुरेन्ट, ठेक्कापट्टा, ढुवानी, यातायात व्यवसाय, शेयर लगानी र ज्याला मजदुरीबाट गाउँलेको आर्थिक हैसियत फेरिएको स्थानीय अगुवा तेज गुरुङले बताए।

जलविद्युत् आयोजनाले सरकारलाई तिर्ने रोयल्टी (सलामी दस्तुर)मध्ये सङ्घीयले ५०, प्रदेश र पालिकालाई २५–२५ प्रतिशतका दरले बाँडफाँट हुने संवैधानिक व्यवस्था छ। नारच्याङमा रहेको प्रभा मावीले हाइड्रो इञ्जिनियरिङ विषयको पठनपाठन सञ्चालन गरेको छ।

म्रिस्तीखोला जलविद्युत् आयोजनाले विसं २०७१ कालीगण्डकी नदीमाथि बेलिब्रिज राखेपछि नारच्याङ सडक सञ्जालमा जोडिएको थियो । बेँसी र पटारको सिमानास्थित म्रिस्तीखोला र बाँधदेखि सुरुङमा जाने थप दुई वटा बेलिब्रिज बनाएको म्रिस्तीखोलाले फेदीसम्म १४ किलोमिटर सडक निर्माण गरेको छ।

नीलगिरि खोला जलविद्युत् आयोजनाले छोटेपा हुँदै हुमखोलासम्म पहुँचमार्ग बनाएपछि सहज यातायात पहुँच भएपछि अन्नपूर्ण आधार शिविर नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकास भएको छ।

रेलेखोला जलविद्युत् आयोजना निर्माणस्थल जाने सडक निर्माण भएपछि नारच्याङको बेंसीदेखि लेकगाउँ सडक सञ्जालमा जोडिएको वडा सदस्य श्याम पुर्जाले बताए । घलेम्दी र म्रिस्तीखोला जलविद्युत् आयोजनामा स्थानीयवासीले प्रभावित क्षेत्रको बासिन्दाका हिसाबले संस्थापक शेयर लगानी गरेका छन् । नीलगिरि पहिलो, दोस्रो र रेलेखोला जलविद्युत् आयोजनाको प्रवद्र्धकले शेयर निष्काशनको प्रक्रियामा छन्।

कालीगण्डकी र आसपासका नदीमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न नेपाल विद्युत् प्राधिकरणले नारच्याङको छिमेकी वडा दानामा सबस्टेशन बनाएको छ । विसं २०७७ मा निर्माण सकिएको २२० केभी क्षमताको सबस्टेशनबाट हाल घलेम्दी, म्रिस्ती र थापाखोला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय लाइनमा जोडिएका छन्।

म्याग्दीको अन्नपूर्ण–३ दाना र पर्वतको कुश्मा–२ खुर्कोटमा सबस्टेशन र प्रसारण लाइन बनाएपछि कालीगण्डकी र आसपासका क्षेत्रमा जलविद्युत् आयोजना निर्माणमा लगानीकर्ताको सक्रियता बढेको नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वउपाध्यक्षसमेत रहनुभएका घलेम्दीखोलाका सञ्चालक प्रमोद श्रेष्ठले बताए।
रासस

# पन्ध्र शय्याको बागलुङ नगर अस्पतालमा दुई मेडिकल अधिकृत

**बागलुङ।**
पन्ध्र शय्याको बागलुङ नगर अस्पतालले स्थापनाको तीन वर्षपछि दुई मेडिकल अधिकृतबाट आफ्नो सेवालाई थप विस्तार गरेको छ।

नगरपालिकाले २०७८ असोज ८ गते पैयुपाटा स्वास्थ्यचौकीलाई १५ शय्यामा स्तारोन्नति गरेको थियो । दरबन्दीअनुसारको चिकित्सक र उपकरणको अभाव खेप्दै आएको अस्पतालले हालै एक्सरे र भिडियो एक्सरे सेवा थप गरेको छ।

अस्पताल प्रमुख डा सफल सापकोटाका अनुसार अस्पतालले यस अगाडि प्रयोगशाला र फार्मेसी सेवा प्रदान गर्दै आएको थियो । ‘बागलुङ नगरपालिकाले एक जना मेडिकल अधिकृत र गण्डकी प्रदेश सरकारबाट एक जना गरी दुईजना मेडिकल अधिकृत कार्यरत छौँ, अस्पतालले अहिले गर्भवतीका लागि भिडियो एक्सरे सेवा र एक्सरे सेवा प्रदान गर्दै आएका छौँ’, डा सापकोटाले भने, ‘समयमै भवन निर्माण नहुँदा चुनौतीका बीच सेवा विस्तार भइरहेको छ, आधारभूत अस्पतालबाटै दुई जना मेडिकल अधिकृतले सेवा दिनु भनेको राम्रो हो, स्वास्थ्य बीमाको सेवा विस्तारको योजनामा छौँ।’हालै एक जना मेडिकल अधिकृत थप गरिएको र एक्सरे उपकरण, रेडियोग्राफरबाट एक्सरे सेवा प्रदान गरिएको बागलुङ –१३ का वडाध्यक्ष नारायण पौडेलले जानकारी दिए।

नगर अस्पताल निर्माणका लागि स्थानीयको सक्रियतामा नौ रोपनी जग्गा व्यवस्थापन गरेर २०७८ साल असारबाट १८ करोड रुपैयाँ लागतमा भवन निर्माण थालिएको थियो । निर्माण कम्पनीले भवन २०८३ सम्म सम्पन्न गर्ने लक्ष्य लिएको छ । भवन निर्माणका लागि तेस्रोपटक २०८३ असार १९ गतेसम्म म्याद थप गरिएको छ । समयमै भवन नबन्दा भौतिक संरचनाको भने अभाव खड्किएको छ। रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१




**४८ फिट अग्लो महादेवको मूर्तिः** रौतहटको चन्द्रपुर नगरपालिका–१ पौराईको धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेको ब्रह्मस्थान मन्दिर परिसरमा निर्माण गरिएको ४८ फिट अग्लो महादेवको मूर्ति । तस्बिरः रमेश तिमलसिना

# साढे १७ हजार हेक्टर जग्गामा लगाइएको बाली नष्ट

**राकेश यादव ।**
**रौतहट ।**
कृषि ज्ञान केन्द्र रौतहटले जिल्लामा लगाइएको साढे १७ हजार हेक्टर जग्गाको धानबाली पूर्ण रुपमा क्षति पुगेको तथ्यांक सार्वजनिक गरेको छ । असोज १७ र १८ गते परेको अविरल वर्षाको कारण आएको बागमती, लालबकैया नदी र झाझसहित विभिन्न खोलाको बाढीका कारण डुबानमा परेपछि धानबाली क्षति भएको हो ।
पानी नपरेको बेला किसानले महगो सिँचाई गरेर हुर्काएका १७ हजार ६ सय ३८ हेक्टर धानबाली, १ हजार ८ सय ४ हेक्टर उखुबाली, ६ सय ८४ हेक्टर तरकारी, ४ सय हेक्टर फलफूल र करिब ५ सय हेक्टर अन्य मौसमी बालीलाई क्षति पुर्याएको कृषि ज्ञान केन्द्र रौतहटले जनाएको हो ।
बाढीबाट गढीमाई, माधवनारायण, राजदेवी, इशनाथ, राजपुर, परोहा, मौलापुर नगरपालिका, दुर्गा भगवती र यमुनामाई गाउँपालिका सहितका स्थानीय तहको क्षेत्र प्रभावित भएका थिए । रोप्ने बेला खडेरीको सामना गरेका रौतहटका किसानले धानमा बाला लाग्ने बेला परेको पानीले नोक्सानी पुर्याउदा ठूलो क्षति बेहोर्नु परेको हो । गतवर्ष पनि बाढीका कारण क्षति पुगेका बाली नालीको उचित मुआब्जा पाउन नसकेको किसानहरू यसपालि पनि राज्यबाट राहत अनुदान पाउने आशा गुमाएको बताउँछन् ।



कृषि ज्ञान केन्द्र रौतहटका निमित्त प्रमुख सुरेन्द्रप्रसाद कुर्मीले ७४ हजार मेट्रिक टन धानको उत्पादनमा ह्रास आउने बताए । घर भित्र्याउने बेलामा बेमौसमी बाढीका कारण किसानको ठूलो क्षति भएको छ । किसानलाई वर्षभरी खान र बिक्री गर्ने अवस्थामा अहिले वर्षभर कसरी जीवनयापन गर्ने भन्ने चिन्ताले सताएको छ ।

# ४० हजार राष्ट्रिय परिचयपत्र अलपत्र

**रौतहट ।**
करिब ४० हजार राष्ट्रिय परिचयपत्र तयार भए पनि सर्वसाधारणले लिन नआएपछि ती कार्डहरू महिनौँदेखि जिल्ला प्रशासन कार्यालय गौरमा थन्किएका छन् । वितरण प्रक्रियामा देखिएको सुस्तताप्रति चिन्ता जनाउँदै प्रशासनले आमनागरिकलाई आफ्नो परिचयपत्र लिन कार्यालयमा उपस्थित हुन आग्रह गरेको छ ।
सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारीका अनुसार, नागरिकका लागि तयार भइसकेका ४० हजार राष्ट्रिय परिचयपत्र कार्यालयमा नै थन्किएका छन् । उनका अनुसार, नागरिकले आफ्नो परिचयपत्र तयार भएको वा नभएकोबारे जानकारी लिन कार्यालयमा सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ । नायब सुब्बा राम नरेश साहका अनुसार, कार्यालयले वितरणका लागि आवश्यक व्यवस्था पूरा गरिसकेको छ । तर, नागरिक स्वयम् उपस्थित नभएकाले हजारौँ कार्डहरू फाँटमै थन्किएका छन् । प्रशासनको अनुमान अनुसार, धेरैजसो




नागरिकलाई आफ्नो परिचयपत्र तयार भएको जानकारी नै छैन । कतिपय व्यक्ति रोजगारी, अध्ययन वा अन्य कारणले जिल्ला बाहिर भएकाले पनि लिन आउन नसकेको बताइएको छ ।
हाल राष्ट्रिय परिचयपत्र अनिवार्य कागजातको रुपमा सरकारी सेवा, बैङ्किङ कारोबारदेखि सामाजिक सुरक्षा भुक्तानीसम्मका सबै कार्यमा प्रयोग भइरहेको छ । नयाँ नागरिकता वितरणसँगै राष्ट्रिय परिचयपत्र अनिवार्य भएपछि नागरिकहरू बनाउने दौडमा त देखिन्छन्, तर बनेपछि लिन बेवास्ता गर्ने प्रवृत्ति भने बढ्दो छ ।
जिल्ला प्रशासन कार्यालय रौतहटका सूचना अधिकारी मनिष झाका अनुसार प्रशासनले छिट्टै सार्वजनिक सूचना जारी गरी नागरिकलाई जानकारी दिने तयारी गरेको छ । साथै, नगरपालिका, गाउँपालिका र वडा कार्यालयमार्फत पनि सूचना प्रवाह गर्ने योजना बनाइएको छ, जसले गर्दा सबै नागरिकले आफ्नो परिचयपत्र लिन सहज हुनेछ ।

# बारा–पर्सामा सिडिओ हाजिर

**मधेशदृष्टि**
**वीरगंज ।**
नौ दिनअघि सरुवा भएका प्रमुख जिल्ला अधिकारी (सिडिओ) भोला दाहाल मंगलबार जिल्ला प्रशासन कार्यालय पर्सामा औपचारिक रूपमा हाजिर भएका छन् । गृहमन्त्रालयले कार्तिक ९ गते सिडिओहरूको सरुवा गरेको थियो ।
सरुवा निर्णयअनुसार दोलखाबाट पर्सा आएका दाहालले लामो प्रशासनिक अनुभवसहित मंगलबारदेखि कार्यभार सम्हालेका छन् । दाहालले कार्यालयमा तत्कालै कार्यसम्पादन शुरु गर्दै प्रशासनिक गतिविधि सुदृढ बनाउने प्रतिबद्धता जनाएका छन् ।
यस्तै, धर्मेन्द्र कुमार मिश्रले मंगलबारबाट जिल्ला प्रशासन कार्यालय बारामा नयाँ प्रमुख जिल्ला अधिकारी (सिडिओ)को रूपमा औपचारिक कार्यभार ग्रहण गरेका छन् । मिश्रले मंगलबार बिहानदेखि कार्यभार सम्हालेका हुन् । उनी यसअघि सुनसरीमा कार्यरत थिए भने गृहमन्त्रालयले ९ दिनअघि उनको सरुवा निर्णय गरेको थियो ।
कार्यभार ग्रहणको अवसरमा कार्यालयमा विभिन्न सरोकारवाला र कर्मचारीले मिश्रलाई स्वागत गरेका थिए । सिडिओ मिश्रले आगामी दिनमा जिल्लामा सुशासन, प्रशासनिक सुधार र दक्ष सेवा प्रवाहमा जोड दिने बताए । उनको कार्यभार ग्रहणसँगै बाराको प्रशासनिक कामकाजमा नयाँ गति र सक्रियता आउने अपेक्षा गरिएको छ ।

# ३ महिनामा २६ करोडको सामग्री बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल छिन्नमस्ता बाहिनीले साउनदेखि कात्तिक १५ गतेसम्मको तीन महिनामा करिब २६ करोड रुपैयाँ बराबरको अवैध सामग्री बरामद गरेको छ । यस अवधिमा अवैध तस्करीमा संलग्न ३० जनालाई पनि पक्राउ गरिएको छ ।
मधेश प्रदेशको नम्बर २ छिन्नमस्ता बाहिनीका डिआइजी कृष्ण ढकालको नेतृत्वमा विभिन्न गणहरूले सञ्चालन गरेको कारबाहीमा २५ करोड ८७ लाख ९५ हजार रुपैयाँभन्दा बढी मूल्यका सामान बरामद गरिएको छ ।
सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सास्थित गणहरूले पृथक–पृथक कारबाहीमा ठूलो परिमाणमा तस्करीका सामान बरामद गरेका छन् ।
पर्सास्थित सशस्त्र प्रहरी नं.१३ गणले मात्र ९ करोड ९८ लाख रुपैयाँ बराबरको अवैध सामग्री बरामद गरेको छ भने रौतहटस्थित नम्बर ११ गणले २ करोड ९४ हजार ७ सय ६८ रुपैयाँ बराबरको सामान बरामद गरेको एसपी रामहरि अधिकारीले जानकारी दिए ।

# राणी सती दादीजीको मङ्सिर नवमी महोत्सव हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा श्री राणी सती दादीजीको मङ्सिर नवमी महोत्सव–२०८२ यस वर्ष पनि मनाइने भएको छ । कार्यक्रम श्री राणी सती मन्दिर तथा अतिथि सदन, वीरगंज, पर्सामा गरिँदैछ । महोत्सवका प्रमुख आकर्षणा अद्भुत श्रृंगार, अखण्ड ज्योति, भजन प्रस्तुति, मंगलपाठ, सवामणी प्रसाद, फल सवामणी र छप्पन भोग प्रसाद रहनेछ ।
१२ नोभेम्बर बुधबार दिउँसो १ बजेदेखि ९ घण्टासम्म ज्योति प्रज्ज्वलन गरिनेछ भने साँझ ६ बजेदेखि भजन गायिका ममता खण्डेवलज्यूद्वारा भजन प्रस्तुति हुनेछ । त्यसको पछिल्लो दिन, १३ नोभेम्बर बिहान ६ बजेदेखि जात धोक पूजा अर्चना र दिउँसो २ बजेदेखि मंगलपाठ कार्यक्रम हुनेछ ।
कार्यक्रम आयोजना श्री मारवाडी सेवा ट्रस्ट, श्री राणी सती ज्योति मण्डल र श्री राणी सती महिला मण्डल वीरगंजले संयुक्त रूपमा गरेका हुन् । छप्पन भोग, फल सवामणी तथा बुंदिया सवामणीमा सहभागी हुन इच्छुक भक्तले प्रकाशजी केडिया, विश्वनाथजी शेखावत वा पंडित सुरेशजी पारीखसँग सम्पर्क गर्न सक्ने बताइएको छ ।

# निर्वाचनमैत्री समाचार सामग्रीलाई प्राथमिकता दिन आग्रह

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने गरी क्रियाशील रहेकाले यस कार्यमा सहयोग पुग्ने समाचार सामग्रीलाई प्राथमिकता दिन आग्रह गरेका छन् ।
मंगलवार सिंहदरबारस्थित सञ्चार मन्त्रालयमा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यमका सम्पादकीय नेतृत्वसँग छलफल गर्दै उनले यस कार्यमा सरकारी सञ्चारमाध्यम थप जिम्मेवार र जवाफदेही हुनुपर्नेमा जोड दिए ।
मन्त्री खरेलले सरकारको प्राथमिकतामा रहेको निर्वाचन, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा 'जेन्जी' पुस्ताको भावनाअनुरूपका 'कन्टेन्ट' सम्प्रेषण गर्न आग्रह गरे । 'सरकार निर्वाचन, सुशासन र जेनजीको आवाजलाई सम्बोधन गर्न क्रियाशील छ । यसमा सबैको सहयोगका लागि पछिल्लो समय चरणबद्ध रूपमा राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मीलगायतसँग वार्ता र संवाद गरेर सहजीकरणमा लागेको छ,' उनले भने, 'यसमा आमसञ्चार माध्यमको अझ बढी भूमिका छ । यसमा सरकारी सञ्चार माध्यमले अझै जिम्मेवार रूपमा निर्वाचनको माहोल बनाउन र पछिल्लो समय उत्पन्न परिस्थितिको सहज रूपान्तरणका लागि भूमिका खेल्नसक्छन् । त्यसका लागि यहाँहरू सबैलाई मेरो आग्रह छ ।'
निर्वाचनको माहोल बनाउन सरकारले राजनीतिक दल र 'जेन्जी' प्रतिनिधिसँग निरन्तर संवाद र अन्तरक्रिया गरिरहेको छ । प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा यही कात्तिक १२ गते सरकार, राजनीतिक दल र जेन्जी प्रतिनिधिबीच संयुक्त छलफल भएको थियो । त्यसअघि गत कात्तिक ४ गते सरकार र राजनीतिक दलबीच छलपल भएको थियो । यी छलफलले निर्वाचनका लागि सकारात्मक वातावरण सिर्जना गरेको मन्त्री खेरेलको भनाइ छ । निर्वाचन, सुशासन र जेनजीको भावनाअनुरुप काम गर्न सरकारले सरोकार भएकाहरूसँग निरन्तर विभिन्न चरणमा छलफल र पैरवी गरिरहेको उनले बताए ।
सरकारको प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलले निर्वाचन केन्द्रित भएर विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिसँगको छलफललाई समेत प्राथमिकतामा राखेको बताए । 'फागुन २१ गतेको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सरकारले सबै खाले तयारी गरिरहेको छ । निर्वाचनको माहोल बनाउन राजनीतिक दल र जेनजी प्रतिनिधि पनि सकारात्मक र प्रतिबद्ध रहेको पाएका छौँ,' उनले भने, 'यिनै विषयवस्तुलाई प्राथमिकतामा राखेर समाचार, तस्बिर, श्रव्यदृश्यलगायत सामग्री पस्कन अनुरोध छ ।'
मन्त्री खरेलले निर्वाचन भएन भने मुलुक सङ्कटतर्फ जानसक्ने खतरा रहने भन्दै सरकार निर्वाचनलाई विशेष प्राथमिकता दिएर आवश्यक तयारीमा जुटिसकेको दोहो¥र्याए । 'यसर्थ राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यमले निर्वाचनको पक्षमा बहस र पैरवी गर्न जरूरी छ । सरकारी सञ्चारमाध्यमले निर्वाचन, सुशासन र 'जेन्जी'सम्बन्धी विषयवस्तु उत्पादन, प्रसारण र सम्प्रेषण गर्न जोड दिनुप¥यो । जेन्जी समूहको आवाज, सहिद परिवारका भनाइ, उनीहरूका कथा, पीडा, घाइतेका विचारलाई अझ बढी प्राथमिकतामा राखेर प्रकाशन, प्रसारण गर्न मेरो आग्रह छ,' उनले भने ।
सञ्चारमन्त्री खरेलले नागरिक सरकार भएकाले हिजोको जस्तो राजनीतिक दबाब सरकारी सञ्चारमाध्यममा नभएकाले निर्धक्क साथ आमनागरिकको सर्वोपरी हितमा निष्पक्ष, सन्तुलित र विश्वसनीय समाचार सामग्री सम्प्रेषण गर्न आग्रह गरे । उनले परिवर्तित सन्दर्भमा सरकारी सञ्चारमाध्यमले खेलेको भूमिकाको सराहना गर्दै 'जेन्जी भ्वाइस' शीर्षकमा जेन्जी सहिद, घाइते र पीडित परिवारको पीडा, वेदना र समस्यालाई उजागर हुनेगरी समाचार, श्रव्यदृश्यलगायत सामग्री दिन आग्रह गरे ।
छलफलमा सरकारका चारवटै सञ्चारमाध्यमका प्रतिनिधिले निर्वाचनसहित सरकारका गतिविधि, सुशासन, जेन्जीका सरोकार र प्राथमिकता, आर्थिक विकासलगायत विषयलाई प्राथमिकताका साथ सम्प्रेषण गरिएको बताए । उनिहरूले सरकारका काम कारबाहीसम्बन्धी सूचना र गतिविधि एकद्वार प्रणालीमार्फत प्रवाह गर्ने प्रबन्धका निम्ति सञ्चारमन्त्रीसमक्ष आग्रह गरे ।
राष्ट्रिय समाचार समिति (रासस) का प्रधानसम्पादक उत्तम सिल्वालले निर्वाचन, सुशासन र जेनजीको भावनाबमोजिमका समाचार सामग्रीलाई राससले प्राथमिकताका साथ सम्प्रेषण गरिरहेको बताए । राससका प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपानेले सरकारी निकायको सूचना पहुँच सहज र जेनजी सहिद तथा घाइतेका विषयवस्तुलाई प्राथमिकताका साथ सम्प्रेषण गरिने प्रतिबद्धता जनाए ।
गोरखापत्र संस्थानका निमित्त प्रधानसम्पादक जुनारबाबु बस्नेतले निर्वाचनको वातावरण बनाउनेगरी विषयवस्तु, सुशासन र जेन्जीका विषयलाई समाचार सामग्रीमा प्राथमिकता दिइएको बताए । संस्थानका डिजिटल प्रमुख नारदमणि गौतमले सरकारी सूचना र गतिविधि सङ्घीय सरकारका मन्त्रालय र निकायबाट एकद्वार प्रणालीमा आउनसके सम्प्रेषणमा सहज हुने उल्लेख गरे ।
सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनका समाचार महाशाखा प्रमुख पुष्पहरि क्याम्प राईले परिवर्तित सन्दर्भमा बढी सचेत र संवेदनशील भएर काम भइरहेको जानकारी दिए । नेपाल टेलिभिजनका अनलाइन संयोजक गोविन्द घितालले निर्वाचनका मुख्य पक्ष राजनीतिक दललाई निर्वाचनको पक्षमा लैजान तथा जेन्जी समूहको आधिकारिकता र प्राथमिकताका विषयलाई सम्प्रेषण गरिने प्रतिबद्धता जनाए ।
सार्वजनिक सेवा प्रसारण नेपाल,रेडियो नेपालका समाचार महाशाखा प्रमुख पवन प्याकुरेलले निर्वाचनको माहोल बनाउन सरकार, राजनीतिक दल र जेनजीको भूमिकाको विषयलाई प्राथमिकताका साथ सम्प्रेषण गर्ने काम भइरहेको जानकारी गराए । रेडियोका उपनिर्देशक प्रमोद दाहालले सरकारको प्राथमिकताको आधारमा विषयवस्तुमा एकरुपता कायम गरिनुपर्ने, निर्वाचन र जेनजीको आवाजलाई विशेष प्राथमिकता दिइनुपर्नेमा जोड दिए ।रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन